साप्ताहिक
# गोरखा एक्सप्रेस
गोरखा एक्सप्रेस अनलाइनमा
www.nepaltoday.com.np
GORKHA EXPRESS NATIONAL WEEKLY
माटोवादीहरुको साझा पत्रिका
वर्ष ४३ अंक २८ २०८१ फागुन ६ गते मंगलबार *(Feb. 18, 2025)* मूल्य रू. १०/-

## जेल जाने बाबुराम र माधवको पालो

ललिता निवासको जग्गा अपचलनमा जेल जाने पालो पूर्वप्रधानमन्त्री द्वय माधव नेपाल र बाबुराम भट्टराईको आएकै हो त ? ललिता निवास मुद्दाको सुनुवाइ पूर्ण इजलासमा जाने भएपछि यस्तो आशंका गर्न थालिएको छ । गत बिहीवार सर्वोच्च अदालतका न्यायाधीश तिलप्रसाद श्रेष्ठ र नित्यानन्द पाण्डेयको संयुक्त इजलासले फैसला गर्न नसकेपछि यो मुद्दालाई पूर्ण इजलासमा पेस गर्न आदेश दिएको हो ।



अख्तियारले पूर्वप्रधानमन्त्रीहरूलाई मुद्दा चलाउन नपर्ने निर्णय गरेपछि अधिवक्ता अधिवक्ता बालकृष्ण न्यौपानेले नेपाल र भट्टराईलाई ललिता निवासको सरकारी जग्गा व्यक्तिको बनाउने कार्यमा संलग्न रहेको दावीसहित उक्त निर्णय बदर गर्न २९ माघ २०७६ मा सर्वोच्च अदालतमा रिट दायर गरेका थिए ।

## छोरी गौरव हुन्, सुनौं पूजा महतोलाई




नेपाली राष्ट्रिय टोलीकी अलराउन्डर पूजा महतो अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आईसीसी) यू-१९ महिला विश्वकप क्रिकेटको 'टिम अफ द टुर्नामेन्ट' मा समावेश भएकी छिन् । त्यसपछि उनले भनिन्- बुवालाई स्कूटर किनिदिने सपना छ मेरो ।

यू-१९ की कप्तान पूजा टोलीमा पर्ने एसोसिएट राष्ट्रकी एक मात्रै खेलाडी हुन् ।

पूजाको कप्तानीमा नेपालले पहिलोपल्ट विश्वकपमा सहभागिता जनाएको थियो । नेपालले खेलेका सबै खेलमा पूजाको प्रदर्शन शानदार रहेको थियो । पूजाले उत्कृष्ठ खेल देखाइन्, खेलभन्दा ठूलो कुरा बुवाआमाको विषयमा उनको उच्चसोच हो ।

छोरी गौरव हुन् । यसकारण हुन् कि छोराभन्दा छोरी कम छैनन् । देशैभरि बृद्धश्रम खोलिएका छन्, ती बृद्धाश्रममा सहाराविहीन बुढाबुढीको व्यथा जसले सुनेको छ, देखेको छ, तिनलाई थाहा छ- पूजाको अभिव्यक्ति कति मर्मभेदी छ ।

खेलमा जित हार हुन्छ । पूजाले सम्पूर्ण बाबुआमाको मन जितेकी छिन् ।

## भारतीयकरणको अर्को धक्का




भारतीय राजदूत नवीन श्रीवास्तवले भनेका छन्- नेपालको नागरिक एप र भारतको आधार कार्डलाई इन्टिग्रेट गर्नेबारे सोच्दै छौं । नेपालको नागरिक एप र भारतको आधारकार्ड दुबै देशमा चल्ने गरी जोड्ने कि नेपाललाई भारतीयकरण गर्न अग्रसर हुने, नेपाल सरकार र संसदमा यसबारे बहस भएको छैन । नागरिकता भएपछि राष्ट्रिय परिचयपत्र किन चाहियो भन्ने बिबादको अन्त्य नहुँदै भारतीय राजदूतले यसरी बयान दिनु हस्तक्षेप हो कि होइन ? त्यसमाथि डिजिटल नम्बर प्लेटको विवाद पनि अन्तिम फैसलामा पुगेकै छैन । कसको स्वार्थका लागि नेपालको सुरक्षामाथि यसरी खेलबाड भइरहेको छ, यसबारे राष्ट्रिय बहस हुनुपर्ने थियो ।

भारतीय दूतावासले नै नेपाल-भारत स्टार्टअप कनेक्टको आयोजना गरेर नेपाल र भारतका नागरिकलाई आवतजावत सहज हुनसक्ने भनाइ अघि सारेको हो । यद्यपि प्रवुद्ध समूहले तैयार गरेको रिपोर्ट भारतले बुझेको छैन र त्यो समूहले सुझाव दिएको सीमा नियमनबारेको जवाफमा भारतले यस प्रकारको चलाखी गरेको हो ।

## अमेरिका फस्टनीतिले नेपाललाई मर्का

९० दिनका लागि यूउसआइडीका सबै लगानी स्थगित राखेको अमेरिकाले नेपालाई दिने भनेर पूर्वघोषित सहयोग खारेज गरेको छ । अमेरिकी जनताले तिरेको करको पैसा अमेरिकामै खर्च गरेर अमेरिकालाई सर्वशक्तिमान बनाउने नीति छ । चीन र भारतसँग पनि अमेरिका कडीकडाउ खालको नीति अख्यिार गर्न थालेको छ भने नेपालका लागि सकारात्मक नहुने लक्ष्यण छन् । नेपालले उत्तरदक्षिण समनिकट र अन्यसँग परिपक्व कूटनीति चालिहाल्न विश्लेषकहरूले सुझाव दिएका छन् ।




# दर्जन टुक्रा भइसके माओवादी



देश बनाउँछ, समाज सुधार्छ, देशलाई सर्वहाराको स्वर्ग बनाउँछ भन्ने आश राखेको माओवादी १ बाट ११ टुक्रा भइसके माओवादी, यस्तो टुक्रे माओवादीको नेतृत्व आफू बने, परिवार बनाए, आफूले उभिएको सिद्धान्त, भूमि बिर्सिए ।

प्रचण्डको मुक्का खाँदै टुक्रिदै गएका माओवादीहरूले १ पार्टीबाट ११ थान माओवादी पार्टी खोलिसके । कम्युनिष्टको उर्वर भूमिमा कूल मिलाएर नेपालमा १९ थान कम्युनिष्ट पार्टी रहेको देखिन्छ । यिनमा यति ठूलो मतभिन्नता छ कि भ्यागुताको धानी पुग्नु र यिनको एकता हुनु उस्तै हो भन्छन् माओवादी राजनीति बुझ्ने बिश्लेषकहरू । टुट्ने फुट्ने रोगको मुख्य कारण आफै नेता बन्नुपर्ने अहंकारले गर्दा हो भन्न सकिन्छ ।

कार्लमार्क्सले १८४८ मा कम्युनिष्ट पार्टीको जन्म दिए पनि नेपाल कम्युनिष्ट पार्टी स्थापना भएको ७६ वर्ष पुगिसकेछ । पुस्पलाल श्रेष्ठले सेप्टेम्बर १५, १९४९ मा भारतमा स्थापना गरेका थिए ।

२०६५ सालमा राजतन्त्र ढालियो, किन ढालियो ? संघीयता ल्याइयो, किन ल्याइयो ? हिन्दुराष्ट्रलाई धर्मनिरपेक्ष बनाइयो, किन बनाइयो ? परिवर्तनले नेता सुकिलामुकिला भए, आमनागरिकले के पाए ? यो सवालको जवाफ कुनै नेता दिन सक्दैनन् । किनभने न समानता आयो, न समान अवसर मिल्यो । जनताको शासन र शोषितपीडितका लागि न्याय सुलभ हुन्छ भन्नेहरू राजनीतिलाई व्यापार बनाइरहेका छन् । कुशासनका घोडा दौडाइरहेका छन् । राजनीति अपराधिकरण हुँदै गएको छ । जनताले सामाजिक न्याय, प्राथमिक सुविधा केही पनि पाउन सकेनन् । जनता उपेक्षित भएका छन् ।

परिवर्तन भएपछि ०६४ सालमा संविधानसभाको निर्वाचन भयो, यसमा माओवादी पहिलो पार्टी बनेको थियो । माओवाद नै मूलधार देखिएको थियो । १८ वर्षपछि माओवादी पार्टी टुक्रा टुक्रामात्र भएको छैन, पटक पटक सत्ता र शक्तिको हालीमुहाली बनेको माओवादीले देखाउने एउटा पनि काम गर्न सकेनन् । माओवादी अध्यक्ष प्रचण्ड ३ पल्ट प्रधानमन्त्री बने, बाबुराम पनि प्रधानमन्त्री बनेकै हुन्, १ सय १८ पटक मन्त्री हुनेहरू माओवादी नै थिए । तर तिनले कम्युनिष्ट एकताका लागि कुनै काम गरेनन्, जनताले अनुभूत गर्नसक्ने कुनै राहत दिएनन्, भ्रष्टाचारको भरिया बनेका अनेक उदाहरण छन् ।

प्रचण्ड आफ्ना जनयुद्धकालीन साथीहरू किन बिच्केर, बिद्रोह गरेर अलग अलग पार्टी गठन गर्न पुगे भन्ने आत्मसमीक्षा गर्नसमेत तैयार छैनन् । बाबुरामजस्ता सहयोगी २०७२ सालमा पार्टी छाडेर गएका थिए भने बिप्लव, बादल, मोहन बैद्यहरू नयाँ नयाँ पार्टीमा लागेका छन् । अचम्म माओवादी जनयुद्धलाई हिंसा भन्दै बादल त एमालेकरण भएका छन् ।

जनयुद्ध, जनआन्दोलनपछिको ०६४ को चुनावमा मूलधार बनिसकेको माओवादी उचाइबाट भुइँमा झरेको छ । ३२ सिटेमा झरेको छ । सर्वहारावादीहरू चरम पुँजीवादी अनुहारमा देखिन्छ । सर्वहारावादी पार्टी व्यवहारमा महासामन्ती बनेको छ ।

एक माओवादी पार्टी फुटेर ११ पार्टी बनेका छन् । ती हुन्-

१. नेकपा माओवादी केन्द्र : पुष्पकमल दाहाल प्रचण्ड
२. नेपाल समाजवादी पार्टी (नयाँ शक्ति) : डा.बाबुराम भट्टराई
३. नेस पार्टी : महेन्द्र राय यादव
४. नेकपा : नेत्रविक्रम चन्द विप्लव
५. आमजनता पार्टी : प्रभू साह
६. क्रान्तिकारी कम्युनिस्ट : मोहन वैद्य
७. नेकपा बहुमत : धमेन्द्र बाँस्तोला
८. नेकपा माओवादी : गोपाल किराँती
९. वैज्ञानिक समाजवादी पार्टी : विश्वभक्त दुलाल
१०. नेकपा संयुक्त : चन्द्रदेव जोशी
११. एमालेको काँचुलीमा रामबहादुर थापा बादल ।

प्रचण्ड नेतृत्वको नेकपा माओवादी केन्द्र, १९९४ मा एकता केन्द्रबाट अलग भएर बनेको हो । प्रचण्ड यो पार्टीको सदावहारअध्यक्ष हुन । संसदमा यो पार्टीको ३२ सिट छ । राष्ट्रिय सभाको अध्यक्ष यही पार्टीका छन् । उनको नेतृत्वको पार्टी ११ टुक्रा भएको छ । आम जनता पार्टी, अध्यक्ष छन् प्रभू शाह । ०७९ पुस १४ गते यो पार्टी गठन भएको हो । संसदमा उनी एक्ला सांसद छन् ।

नेपाल समाजवादी पार्टी (नयाँ शक्ति), यो डा.बाबुराम भट्टराईको नेतृत्वको पार्टी हो । भट्टराईले आफ्नो गोर्खाको निर्वाचन क्षेत्रसमेत प्रचण्डलाई छाडि दिएका थिए । यो पार्टीबाट सर्लाह २ बाट महेन्द्र राय यादवले जितेका थिए तर उनले अलग पार्टी गठन गर्न पुगे । उनी प्रचण्ड निकट छन् । नेपाल समाजवादी पार्टी महेन्द्र राय यादवले भट्टराईसँग अलग भएर ०७९ मा गठन गरेका हुन् ।

नेकपा, नेत्रविक्रम चन्द विप्लवले बैद्यले क्रान्ति गर्न सकेनन् भनेर बिद्रोह गर्दै गठन गरेका हुन् । २०७१ मा मोहन वैद्यको नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी क्रान्तिकारी बाट फुटेको पार्टी हो यो । २०६९ असारमा प्रचण्डसँग बिद्रोह गरेर बैद्यले क्रान्तिकारी नेकपा गठन गरेका थिए । उनमा अब जनयुद्धको भ्रम छैन ।

नेकपा क्रान्तिकारी माओवादी ०६९ मा खोलिएको बैद्यको पार्टी हो । बैद्य जनयुद्धकालमा माओवादीको थिङ्क टेङ्क मानिन्थे । तर उनलाई प्रचण्डले कहिले अगाडि बढ्न दिएनन् भनिन्छ । यिनमा व्यापक अन्तरबिरोध छ । यो पार्टीको नाममात्र बाँकी छ, कुनै क्रियाकलाप देखिदैन ।

पार्टी फुट्दै जान थालेपछि प्रचण्डले नेकपा एकता केन्द्रका नारायणकाजीलाई काखी च्यापे, अहिले पनि प्रचण्ड र काजीको एकता मजबुत देखिन्छ । तथापि ०६४ को पहिलो पार्टी ०७० को संविधानसभामा तेस्रो बन्नपुग्यो, अहिले पनि ३२ सिट सहित तेस्रो मै छन् । माओवादी केन्द्रको ओह्रालो यात्रा निरन्तर जारी देखिन्छ ।

नेकपा बहुमत, यो पनि प्रचण्डसँग अन्तरबिरोध चर्केपछि हेमन्तप्रकाश वली र धमेन्द्र बास्तोला मिलेर २०७९ वैशाख खोलेका हुन् ।

नेकपा माओवादी, गोपाल किरातीले स्थापना गरेका हुन् । ०७४ सालमा प्रचण्डले एमालेसँग मिलेर नेकपा बनाएपछि किराती असन्तुष्ट भएर पार्टी खोल्न पुगेका हुन् । यो पार्टी नाममा मात्र सिमित देखिन्छ ।

वैज्ञानिक समाजवादी पार्टी, विश्वभक्त दुलाल आहुती नेतृत्वको हो । ०७६ सालतिर यो पार्टी खोलिएको हो । उनको पार्टी पनि देशभर विस्तार हुन सकेको छैन । वैद्य नेतृत्वको क्रान्तिकारी कम्युनिस्ट पार्टीबाट अलग भएको टुक्रा हो । यो पार्टीले ०८१ असोजमा राष्ट्रिय सम्मेलन गरे पनि सतहमा दमखम देखिदैन ।

नेकपा संयुक्त, चन्द्रदेव जोशीको नेतृत्वको पार्टी हो । २०७६ असोजमा गठन गरिए पनि यसको फूर्ती केही पनि देखिदैन ।

एमालेकरण भएको रामबहादुर थापा बादल, टोपबहादुर रायमाझी, लेखराज भट्टको समूह छ । ०७४ मा नेकपा बनेपछि एमाले र माओवादीबीच एकता भयो । केही समयपछि अध्यक्ष ओली र प्रचण्डबीच मनमुटाव भए पनि यिनीहरू एमालेमै बसेका छन् ।

प्रचण्डले कम्युनिष्ट एकताका लागि समाजवादी मोर्चा गठन गरेका छन् । तर यो मोर्चा देख्नाका डालमा सिमित छ । विप्लव र अन्य ससाना घटकलाई मिलाउने र ०८४ मा एक्लै चुनाव लडेर ०६४ को लहर ल्याउने प्रचण्डको प्रयास छ, यसैका लागि प्रचण्ड देशव्यापी भ्रमण गरिरहेका छन् । तर पूर्व माओवादीहरू प्रचण्डसँग यसरी उतर्सिएका छन् कि प्रचण्डको योजना सफल हुने लक्ष्यण कमजोर देखिन्छ । प्रचण्डलाई जनार्दन शर्माले अध्यक्ष छाडेर सम्मानित नेता बन्न गरेको प्रयासलाई असफल पारेर प्रचण्डले आफै अध्यक्ष भइरहने दाउ खेलेका छन् । माटोको भाँडो फुटेपछि जोडिन्न भनेझैं कम्युनिष्ट एकता धेरै टाढाको विषय बनेको छ ।

जनयुद्ध र जनआन्दोलन, त्यसपछिको परिवर्तनले देश र जनतालाई के दियो ? किन नेतामात्र मोटाघाटा, खाइलाग्दा ? माओवादीले जवाफ दिन नसक्दा यो पार्टी अझ पातलिदै जाने जोखिम बढी छ । तथापि अध्यक्ष प्रचण्ड मिसन ०८४ भन्दै ०६४को जस्तो लहर ल्याउने प्रयात्नमा जुटेको देखिन्छ ।

# जनयुद्ध सकियो, घाउ बाँकी



जनयुद्धले दिएको भनेको ऐतिहासिक घाउ हो, नेपाल रहेसम्म नेपालीका मन मनमा चहराइरहने छ । माओवादीका शीर्ष नेता प्रचण्ड, बाबुराम र बैद्य थिए, जो तीनतिर लागेका छन् । प्रचण्ड आफूलाई जनयुद्धका कमाण्डर भन्छन् र अझै सामाजिक जागरूकता खोज्न थालेका छन् । ३ पल्ट प्रधानमन्त्री बने, उनले जनयुद्धका लडाकुलाई त केही दिन सकेनन्, देशका लागि के देलान् ? उनले आफ्नै इतिहास समेत खण्डित पारेका छन् ।

१० वर्ष लामो सशस्त्र संघर्ष माओवादीले गरेकै हो । माओवादीको शक्ति दिल्लीमा रहेछ, दिल्लीमा १२ बुँदे सहमति गरेर राजतन्त्रको अन्त्य र गणतन्त्र ल्याउन अग्रपंक्तिमा भूमिका पनि खेलेकै हो । जनचेतना जगाउन माओवादीको भूमिका छ । तर, समाज बदल्ने कुरा, समानताका कुरा, सुशासनका विषयमा माओवादीजति बद्नाम कुनै पार्टी भएनन् । माओवादीले पुँजीवादी कांग्रेस र एमालेलाई समेत पछाडि पार्‍यो ।

२०५२ फागुन १ गते माओवादीले देशभर विद्रोह सुरू गरेको दिनको सम्झनामा माओवादीले ३०औं जनयुद्ध दिवस मनायो । तर यो दिवसलाई सर्वोच्च अदालतले समेत खारेज गरिसकेको छ । आमनागरिक समाज पनि पनि जनयुद्ध घाउमात्र हो । पीडितका लागि पीडा र पीडकका लागि रमाइलो हुनपुगेको छ जनयुद्ध दिवस । ६ महिनामा संक्रमणकालीन न्याय सम्पादन गर्ने भन्ने माओवादीले ३ पल्ट प्रचण्ड नै प्रधानमन्त्री बने, बाबुराम पनि प्रधानमन्त्री बनेकै हुन्, माधव नेपाल र खिलराजलाई पनि प्रधानमन्त्री बनाएकै हो । तर माओवादीको धारिलोपन खिया लाग्न पुग्यो । पीडितहरू कति मरे, कति मर्ने हालतमा छन्, बाँचेका न्यायको गुहार लगाइरहेकै छन् । माओवादी पानीमाथिको ओभानो बन्न भनिरहेको छ- जनयुद्ध नभएको भए हामी कहाँ हुन्थ्यौं ? शोषण हिजो थियो, भ्रष्टाचार हिजो थियो, तर परिवर्तनपछि त्यो शोषण र भ्रष्टाचारले सगरमाथा लाघेको छ । यसकारण जनयुद्धको अर्थ सकियो, घाउ निरन्तर चहराइरहनेछ । वर्तमान राजनीतिले यो घाउ निकोपार्ने छाँट छैन ।

# लालटिन बाल्दा पनि न्याय मिलेन



रजसंस्था वादीहरूले रामशाहको चौतारीमा लालटिन बालेर न्यायको खोजी गरे, देशैभरि जागरण अभियान चलाए, माइतीघरमा अनसन गरे, न्याय पाएनन् । अझै थाकेका छैनन्, राजतन्त्रवादी ।

योसमूहले श्रीपेच बचाउ महाअभियान (२०८१) सञ्चालन गरिरहेकै छन् । राजतन्त्रवादी पार्टीहरू सत्तास्वार्थमा लागेर परिवर्तन ल्याउन सकेनन् । यी केही व्यक्तिहरूको समूह निरन्तर श्रीपेच नभए देश बाँच्दैन भनेर जनजागरण चलाइरहेका छन् । यिनको अथक प्रयास जारी छ । यो समूहमा सत्याग्रही छन्, अनशनकारी छन्, यिनको उत्साह र ९२ वर्षको उमेरमा पनि युवा जोश निकाल्ने पनि छन् ।

यो समूह विष्णु भक्त तण्डुकारलाई प्रेरणाको स्रोत मान्छ । वुद्धिजिवी माधव प्रसाद लामिछानेले वहाँका अधुरा उद्देश्यलाई मिलेर पूरा गर्नु पर्छ भन्छन् ।

समूहमा आविष्कारक यज्ञराज अधिकारी छन्, वृहस्पति सत्संग समाजका पुजारी श्रीराम सुवेदी छन्, व्यवस्थापक शंकर मघैया छन्, सबैको एउटै श्वर छ- ज्ञानेन्द्र शाहलाई श्रीपेच पहिर्‍याउने अनि देश बचाउने । सपना कहिले पूरा होला ?

# अब सैनिक शासन कि मध्यावधि निर्वाचन ?



**डा. केशव देवकोटा**

नेकां र एमालेलगायतका संसदका १४ मध्ये सात दल सम्मिलित बर्तमान दुईतिहाई निकटको शक्तिशाली मानिएको सरकारसमेत दिन प्रतिदिन संकटमा पर्दैगएको देखिएको छ । खासगरी सरकार र प्रमुख प्रतिपक्ष दुबैमा पहिलो स्वेच्छाचारी प्रबृति देखिएको छ । दोश्रो बिभिन्न पार्टीहरूको विदेशी शक्तिकेन्द्रहरूसँग संलग्नता रहेको देखिएको छ । तेश्रो हाल संसदमा रहेका अधिकांश दलहरूमा बिद्यमान राजनीतिक ब्यवस्थाप्रति समर्पण भावसमेत देखिन सकेको छैन । जसलेगर्दा देशमा राजनीतिक तानातानको अवस्था रहेको छ । संसदमा केवल ३२ सिट रहेको माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले नेकां र एमालेजस्ता ठूला दललाई पालैपालो घुमाएर आफू पाँचबर्षनै सरकारमा टिक्ने रणनीति बनाएपछि नेकांका सभापतिको बिशेष पहलमा एमालेका अध्यक्ष केपी ओलीको नेतृत्वमा बर्तमान सरकार गठन हुन संभव भएको हो । नेकांका सभापति शेरबहादुर देउवाले वर्तमान सरकारलाई टिकाउन बारम्बार प्रतिबद्धता पनि ब्यक्तगर्दै आउनु भएको छ । तर पछिल्लो समयमा एकातिर माओवादी केन्द्रले सरकारलाई रचनात्मक सहयोग गर्नुको साटो निरन्तर असहयोगको नीति लिएको छभने अर्कातिर एमाले बृत्तमा पनि केही स्वेच्छाचारी प्रबृत्ति बढेको देखिएको छ । हालै प्रतिनिधिसभामा पेश गरिएका छवटामध्ये भूमीसम्बन्धी अध्यादेश र विधेयकहरू मध्ये राष्ट्रिय सभामा पेशगरिएको सामाजिक सञ्जालसम्बन्धी विधेयक नेपाली कांग्रेससँगको छलफल र जानकारी बिनानै पेश गरिएकोभन्ने कुराहरू राजनीतिक बृत्तमा टिकाटिप्पणीका बिषय भएका छन् । गत शनिबारको सत्ता पक्षको बैठकले भूमीसम्बन्धी अध्यादेशबाट पछाडि हट्ने निर्णय गरेको छभने सामाजिक सञ्जालसम्बन्धी विधेयकमा छलफल कैक्रममा परिमार्जनगर्ने भनिएको छ । संभवत आजको प्रतिनिधिसभाको बैठकमा पाँचवटा अध्यादेश स्वीकृतिका लागि प्रस्तुत गरिँदै छन् । प्रधानमन्त्री केपी ओलीलाई विश्वासको मत दिएपनि केन्द्र र प्रदेशका कुनैपनि सरकारमा सहभागी नभएको जसपा नेपालले भूमिसम्बन्धी अध्यादेश अस्वीकारगर्ने औपचारिक निर्णय गरेपछि सरकार अप्ठ्यारोमा परेको देखिएको थियो । जसपाको निर्णयलगत्तै सरकारमै सहभागी लोसपाले पनि भूमिसम्बन्धी अध्यादेशलाई समर्थन नगर्ने निर्णय गरेको थियो ।

प्रतिनिधिसभामा कांग्रेस र एमालेको सहज बहुमत रहेपनि राष्ट्रिय सभामा जसपा निर्णायक हैसियतमा रहेको अवस्था छर। ५९ सदस्यीय राष्ट्रिय सभामा कांग्रेसका १६ र एमालेका १० सदस्य छन् । जसपाका तीन र लोसपाका एक सांसद रहेका छन् । राष्ट्रपतिबाट मनोनीत तीन सांसदमध्ये एकजनाले सरकारलाई साथदिने सुनिश्चितता छ । कुनैपनि अध्यादेश संसदका दुवै सदनबाट स्वीकृत हुनुपर्ने संवैधानिक व्यवस्था रहेको छ । अस्वीकृत भए स्वतः खारेज हुन्छर। त्यससँगै सरकारले संसदमा पेशगरेको अध्यादेश पारित नभएका प्रधानमन्त्रिले पदबाट राजीनामा दिने प्रचलन रहेको छ । सरकारमा रहेको खासगरी एमाले भने छवटै अध्यादेशलाई एकैसाथ स्वीकृत गराउने तयारीमा रहेको थियोर। त्यसका लागि प्रधानमन्त्री ओली र कांग्रेसका सभापति शेरबहादुर देउवाले सहमति जुटाउन कसरत गरेपनि संभव भैरहेको थिएन । त्यसका लागि प्रम ओलीका कट्टर बिरोधी देखिनुभएका एकीकृत समाजवादीका अध्यक्ष माधव नेपालसँगसमेत देउवामार्फत वार्ता गराइएको थियो । हाल आएर भूमिसम्बन्धी अध्यादेश थाती राख्न सरकार बाध्यभएको छ । त्योभनेको प्रधानमन्त्रि ओलीको एउटा महत्वपूर्ण असफलता नै हो । अन्य पाँचवटा अध्यादेशमा पनि प्रतिस्थापन विधेयकमार्फत सामान्य संशोधन गर्नेगरी जसपा र लोसपाले साथदिने भनेकाले त्यसबाट पनि सरकार पछिहटेको र उक्त अध्यादेशहरूको महत्व घटेको देखिएको छ । बालुवाटारमा गत शनिबार भएको बैठकमा सत्तापक्षीय मोर्चामा रहेका सात दलमध्ये जसपा सहभागी नै भएको थिएनर। पछिल्ला घटनाक्रमहरूलाई हेर्दा आज फागुन छगते सरकारले प्रतिनिधिसभामा पाँचवटा अध्यादेश निर्णयार्थ पेशगर्ने संभावना कम छ । पेश गरेपनि पारित नहुने संभावना पनि त्यतिकै प्रवल रहेको छ । खासमा हालको अवस्थामा एमालेले शासनगर्ने भन्दा पनि सत्तामात्र लिनुपर्ने अवस्था थियो । नेपाली कांग्रेसले गठन गराएको र सोही पार्टीको बर्चश्व रहेको सरकार भएका कारण एमालेले नेकांको जानकारी र सहमति बेगरको काम गर्नु/गराउनु हुने थिएन । त्यसमा पनि बिरोध हुनासाथ उक्त भूमीसम्बन्धी अध्यादेश र सामाजिक सञ्जालसम्बन्धी विधेयक बाहेकमात्र संसदमा निर्णयार्थ प्रस्तुत गर्ने/गराउने प्रवन्ध गरिएको हुनुपर्ने थियो । यद्यपि प्रधानमन्त्रि ओलीले आज छगतेको संसदको बैठकमा पाँचवटा अध्यादेश एकमुष्ठ पेशगर्ने तयारीगर्नुभएको छ । तर संसदको अंकगणित अझै पनि उहाँको अनुकूल देखिएको छैन ।

सरकारलाई बाहिरबाट समर्थनगर्दै आएको जसपाले भूमीसम्बन्धी अध्यादेशमा समर्थनगर्न नसकिने भनेबाट भोली अन्य अध्यादेशमा पनि बखेडा आउने संभावना रहेको छ । त्यसैगरी सरकारको मुख्य घटक नेपाली कांग्रेसको राजनीतिक बृत्तबाट पनि प्रधानमन्त्रि ओली र एमालेका मन्त्रिहरूका बारेमा कतिपय असन्तुष्टिहरू ब्यक्त भैरहेका छन् । नेकां र एमालेले सरकार सञ्चालनमा सहजीकरणका लागि संयन्त्रसमेत बनाएका छन् । तर संयन्त्रले पनि दलहरूलाई परिचालनगर्न सकेको देखिएको छैन । पछिल्लो समयमा नेपालको उर्जामासमेत भारतीय एकाधिकार कायम गराउने बिभिन्न प्रयासहरू थालिएका छन् । जसका लागि भारतीय ऊर्जामन्त्री मनोहरलाल खट्टर यही फेब्रुअरीको अन्त्यसम्ममा नेपालको भ्रमणमा आउने र भारतीय चाहनाअनुसार उर्जामा मन्त्रिस्तरीय संझौता हुनसकेको खण्डमा नेपालका प्रधानमन्त्रिको भारत भ्रमण गराउने तयारी थालिएको देखिएको छ । गतसाता बिहीबार भारतको भ्रमण सकेर स्वदेश फर्किनु भएका नेपालका ऊर्जा, जलश्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले चाँडै प्रधानमन्त्री ओलीले भारत भ्रमण गर्ने बताएर भित्रभित्रै बिभिन्न खालका खेलहरू भैरहेको रहस्यसमेत खोल्नुभएको थियो । इन्डिया इनर्जी वीक-२०२५ मा भाग लिएर स्वदेश फर्किनुभएका मन्त्री खड्काले भारत भ्रमणकाक्रममा त्यहाँका बिद्युतमन्त्री मनोहरलाल खट्टर, जलशक्तिमन्त्री सिआर पाटिल र पेट्रोलियम तथा प्राकृतिक ग्याँसमन्त्री हरदीपसिंह पुरीसँग भेट गर्नुभएको थियो । भनिन्छ त्यसक्रममा नेपाल र भारतकाबीचमा जलश्रोत र उर्जालगायतका बिषयमा कसरी अगाडि बढ्ने भन्नेबारे भारतीय मन्त्रिहरूले आआफ्नो रोडम्यापनै प्रस्तुत गर्नुभएको थियो । त्यसक्रममा भारतले जिम्मालिएका नेपालका बिभिन्न ठूला आयोजना सम्पन्नगर्नेबारेमा सकारात्मक छलफल भएको भनिएको थियो । मन्त्री खड्काले ऊर्जा क्षेत्रमा भारतको राम्रो सहयोग भएको पनि बताइसक्नु भएको छ । तर कस्तो सहयोग भन्नेबारे भने कुनै खुलाशा गरिएको छैन । मन्त्रि खड्का स्वदेश फर्केलगत्तै नेपालका लागि भारतीय राजदूत नवीन श्रीवास्तवको चलखेल पनि बढेको देखिएको छ । उहाँले मन्त्रि खड्कासँग गत शुक्रबारनै सिंहदरबारस्थित ऊर्जा मन्त्रालयमा खड्कासँग भेट गर्नुभएको थियो ।

सो भेटमा पनि नेपाल र भारतकाबीचमा ऊर्जा सहकार्यका बिविध विषयमा छलफल भएको भनिएको थियो । जहाँ पञ्चेश्वर बहुउद्देश्यीय आयोजनाको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) चाँडो टुंयाउने लगायतका अन्य बिषयमा पनि छलफलहरू भएका थिए । नेपालमा गत असारको ३० गते नयाँ सरकार गठन भएपनि भारतले यहाँका प्रधानमन्त्रिलाई बिभिन्न प्रस्ताव र बखेडा अगाडिसार्दै भ्रमणको निम्तासमेत दिएको थिएन । प्रधानमन्त्रि ओलीले पहिलो औपचारिक विदेश भ्रमण चीनबाट गर्नलाग्दा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले भारतको जानकारी बेगर चीनको भ्रमणगर्न लागेको भनेर आपत्ति जनाउनु भएको थियो । त्यसैगरी भारतसँग उर्जामा सहमति हुने पक्का भएपछि उहाँले गत शुक्रबार दोलाखामा आयोजित सार्बजनिक कायक्रममा खुसी ब्यक्तगर्दै ठूलो उपलब्धी भएको बताउनुभएको थियो । प्रमुख प्रतिपक्षी दल माओवादी केन्द्रलगायतका कतिपय प्रतिपक्षी र कतिपय सत्तारूढ दलहरूसमेत भारतको नेपाल नीति र उसका पछिल्ला एजेण्डा कार्यान्वयन गराउन दिलोज्यानले लागेका छन् । जसलेगर्दा अब भारतीय चाहनाअनुसार अध्यादेशहरूमा परिमार्जन पनि गर्ने र नभएको खण्डमा त्यसलाई संसदबाट अस्वीकृत गराएर प्रधानमन्त्रिलाई पद छाड्न बाध्य गराउने अवस्था पनि आउन सक्छ । यस्तो अवस्थामा धेरैले देशमा सैनिक शासनकि मध्यावधी निर्वाचन भन्ने प्रश्नहरू गर्नेगरेको देखिएको छ । आगामी सातासम्ममा नेपालको राजनीतिमा केही नयाँ घटनाहरू हुनसक्ने आंकलन पनि गरिँदैछन् । देशभक्त नेपालीहरूको यसतर्फ तत्काल ध्यान जानु आवश्यक छ ।

# नल्लुमा उत्पत्ति भएकी पाँचकन्या गड्यौली माई



श्री श्री श्री शक्ति स्वरूपा पाँचकन्या गड्यौली माईको धार्मिक स्थानलाई पवित्र शक्ति स्वरूपाको रूपमा चिनिएको स्थान नल्लु-२, कोन्जोसोम गाउँ पालिका धार्मिक स्थलको रूपमा विकसित हुँदैछ ।

धर्म निरपेक्षता, गणतन्त्र र संघीयता जस्ता परचक्रीहरूको एजेण्डा जबर्जस्ती लादेको कुरा प्रकृति र नेपाल धर्तीले पनि स्वीकारेन, जसको फलस्वरूप २०७२ साल बैशाख १२ गते ठुलो भूकम्प गएको थियो । कोरोना, बाढी, पहिरो, हाम्रा हिमालहरूमा हिउँ नदेखिने आदी प्राकृतिक विपत्ति झेल्नु पर्ने अवस्था आएको छ । यसको संकेत राम्रो छैन ।

माता नानुले बलिन्द्र आँसु झार्दै पूर्व श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेव सरकारको बाहुलीबाट टुडिखेलको विच भागमा धर्ती पूजा साथै भैरवको मन्दिरमा होम गर्नुपर्छ भन्नु भएकी थिइन् । पाँचकन्या गड्यौली माईको शीरबाट पटक पटक पसिना आएको छ, यो धर्मक्षेत्रमा देवीले दिएको संकेत नबुझ्नु दुःखद हो ।

२०८१ साल माघ ३० गते, बुधबार दिनको २ बजे श्री श्री श्री शक्ति स्वरूपा पाँचकन्या गड्यौली माई प्रतिष्ठा समितिका संस्थापक संस्कृतिविद एवं श्री श्री श्री स्वस्थानी पुस्तकका संकलक महेश्वर जुजु राजोपाध्यायले विशेष प्रवचन दिनु भएको छ । ०६८ साल चैत्र ४ गते शनिबारका दिन अद्भुत तरीकाले उत्पन्न हुनु भएकी शक्ति स्वरूपा पाँचकन्या गड्यौली माईको दर्शन गर्नको लागि टीका भैरवबाट ४५ मिनेटको हिड्ने दरीमा पर्छ । श्री श्री श्री पाँचकन्या गड्यौली माई प्रतिष्ठा समितिले माइतीघर चोकमा पाँचकन्या गड्यौली माईको महिमा बारे प्रवचन सम्पन्न गरेको छ ।

प्रमुख प्रवचन बाचक महेश्वर जुजु राजोपाध्याय हुनुहुन्थ्यो । नानु माताले टीका भैरव नगिचै शक्ति देवीको ललाट झरेको पिठ उत्पत्ति गराएका हुन्, त्यो शक्ति कसले प्रदान गर्नु भयो ? वहाँलाई त्यहि शक्ति स्वरूपा पाँचकन्या गड्यौली माईले त्यो अदभूत शक्ति प्रदान गर्नु भयो । हामीले त्यहाँका गतिविधी बारे चर्चा परिचर्चा गरेपनि कुनै पनि निकायले वास्ता गरेका छैनन् । त्यसैले श्री श्री श्री स्वस्थानी माताले सबैलाई सद्वुद्धि दिउन् भनेर प्रार्थना गरौं ।

अभियन्ता माधव प्रसाद लामिछानेले महेश्वर जुजु गुरूले खोज, अनुसन्धान र नेपालमै सबै पिठहरू छन, विदेशमा गएर धर्म कमाउनु आवश्यक छैन भन्ने बारेमा गहन अध्ययन र अनुसन्धान गरेर १० वर्ष अघि नै नेपालको सनातन धर्मको बारे पुर्‍याएको योगदान प्रति हामी अनुग्रहित छौं भन्नुभयो ।

धर्म संस्कृतिको रक्षाको लागि राजसंस्थाको माग गर्दै माइतीघरका १० महिना धर्नारत माया पाण्डेले स्वागत मन्तव्य राख्नु भएको थियो भने अन्य सहभागीहरूले रूची पूर्वक महेश्वर जुजुको प्रवचन श्रवण गर्नु भएको थियो । पाँचकन्या गड्यौलीमाईको साधना गर्नका लागि देशव्यापी रूपमा प्रचारप्रसा गर्न र आन्तरिक धार्मिक पर्यटनको धाम बनाउनु पर्ने स्थानीय र अन्य धर्मभिरूहरूले माग गरेका छन् । यसतिर सबैको ध्यान जान जरूरी छ ।



# अठारौं त्रिमूर्ति दिवसमा तीनजना पुरस्कृत




त्रिमूर्ति निकेतनले अठारौं त्रिमूर्ति दिवस नाट्यसम्राट् बालकृष्ण समको १२३ औं जयन्तीका अवसर पारेर मनायो। उक्त अवसरमा चार जना महानुभावलाई त्रिमूर्ति निकेतनका विविध विधाका २०८० सालका पुरस्कार र सम्मान प्रदान गरियो। त्रिमूर्ति निकेतनका अध्यक्ष इन्दिरा प्रसाई, लेखनाथ पौडयाल काव्यसभाका संयोजक प्रा.केशव सुवेदी र लक्ष्मीप्रसाद देवकोटा प्रतिष्ठानका संयोजक प्रा.डा.महादेव अवस्थीले श्री रामबाबु सुवेदी, प्रा.डा.सावित्री कक्षपती र प्रा.डा.बेञ्जु शर्मालाई पुरस्कार प्रदान गर्नुभयो। ६ दशकदेखि नेपाली भाषासाहित्यको श्रीवृद्धिका लागि समर्पित रामबाबु सुवेदीलाई 'लेखनाथ काव्य पुरस्कार' प्रदान गरिएको थियो।

नाट्यसम्राट् बालकृष्ण समको व्यक्तित्व र कृतित्वमाथि महत्त्वपूर्ण दस्तावेज प्रस्तुत गर्नका अतिरिक्त नेपाली रङ्गकर्मको संवर्धनमा समेत समाहित हुँदै नेपाली भाषासाहित्यको सेवामा मन, वचन र कर्मले समर्पित प्रा.डा.सावित्री कक्षपतीलाई 'बालकृष्ण सम पुरस्कार' प्रदान गरियो। विगत ६ दशकदेखि काव्यसाधनामा निरन्तर समर्पित रहँदै नेपाली कविताको संवर्धनमा विशिष्ट योगदानका निम्ति प्रा.डा.बेञ्जु शर्मालाई 'देवकोटा काव्य पुरस्कार' प्रदान गरियो। ताम्रपत्रका साथै यी तीनै पुरस्कारका राशि जनही एकएक लाख रूपियाँ रहेका छन्। समारोहमा मुक्तक साम्राज्ञी उषा शेरचनले आफ्नो कविता सुनाउनु भएको थियो।

त्रिमूर्ति निकेतनका संस्थापक अध्यक्ष इन्दिरा प्रसाईको सभापतित्वमा सञ्चालित भएको र सदस्यसचिव नरेन्द्रराज प्रसाईले समेत आफ्नो मन्तव्य प्रकट गर्नुभएको थियो।




## लेकाली सम्मानित

अनेसासका पूर्व अध्यक्ष तथा साहित्यिक पत्रकार संघका अध्यक्ष साहित्यकार राधेश्याम लेकाली माउन्ट ग्लोरी इनटरनेसनल बोडिङ हाईस्कुलबाट सम्मानित हुनुभएको छ। नेपाली साहित्य सिर्जना र संस्थागत योगदानको लागि सो सम्मान प्रदान गरिएको हो। लेकालीलाई सो सम्मान पूर्वराजदूत एवं पूर्व प्रमुख निर्वाचन आयुक्त सूर्यप्रसाद श्रेष्ठले प्रदान गर्नु भएको हो।

स्कुलको वार्षिक अभिभावक दिवसको अवसरमा विद्यार्थीहरूले सांस्कृतिक कार्यक्रमक प्रस्तुत गरेका थिए। स्कुलका प्रमुख गणेश श्रेष्ठले स्वागत मन्तव्य राख्नु भएको सो कार्यक्रममा वरिष्ठ साहित्यकार डा. शैलेन्दुप्रकाश नेपाल, लात्भियाका लागि अबैतनिक वाणिज्यदूत करण बैद्य , डा. गरिमा श्रेष्ठ, समाजसेवी लक्ष्मी शर्मा, सर्जक जीवन श्रेष्ठ तथा स्कुलका प्रमुख लगायत अभिभावक र विद्यार्थीहरूको उपस्थिति थियो।

## मुक्तकका प्रयासहरू : पिपलको पात झैं हल्लिए बैंशहरू



नदीको प्रवाहझैं आफ्नै गतिमा समय चल्दैछ
युग मातेर आगोझैं ह्वारह्वार प्रतिक्षण बल्दैछ
मन चैं अनन्तमा निरूद्देश्य छ एक्लै भौंतारिंदो
पिल्सिएर आज सत् बाट असद्विचार जल्दैछ।

**- केशवराज आमोदी**



तिर्खाएछन् आँखा त्यसै, तिम्रो मात लाग्दा
पोखिएछन् माया त्यसै, तिम्रो बात लाग्दा
पिपलको पातझैँ हल्लिए बैंसहरू,
धम्लिएछन् मन, आज तिम्रो घात लाग्दा !

**- गोपीकृष्ण थापा**



यस्तै रहेछ भन्नु पऱ्यो, सन्सार को रित
के गर्नु त अब कहिले हार कहिले जित
परिस्थितिले टाढा बनाए पनि त आखिर
विवश यो जिन्दगीले भुल्न सकेन प्रीत।

**- जेबी खत्री**



आमाबा वृद्धाश्रम पठाउछन् कस्ता दिन आए
बिस्तारामा कुकुर सुताउँछन् कस्ता दिन आए
कली लागेर हो कि, पापधर्मको ख्याल हुन्न
मान्छेहरू हिंसामा रमाउछन् कस्ता दिन आए

**- रिता खराल**



नेपाली चोली सारीको पहिरन नारी हुन्
किन सम्झिदैनन् नारी इज्जतदारी हुन्
श्रृष्टिले घर सिङ्गारी सेवा मायाँले सधैँ
उनकै खुशीमा रमाउने महान उपकारी हुन्।

**- अमृता रामदाम**



मलाई केही लोभ छैन, सिङ्गो जीवन बाँच्न चाहन्छु
साँच्चै नढाँटी भन्छु मृत्युसँग नडराई हाँस्न चाहन्छु
संसारमा जन्मेपछि कसैले अजम्मरी पाएको हुँदैन
बाँचुन्जेल सबैसँग मानवताको माया गाँस्न चाहन्छु

**- ज्ञान उदास**



गंगाजलले चोख्याए जस्तै पबित्र मनपर्यो
हाउभाउ चञ्चल मिलेको चरित्र मनपर्यो
कस्तो भाग्य निधारमा छैटीले लेख्दिएको,
नुन खोज्दा सुन मिलेजस्तै विचित्र मनपर्यो !

**- अर्जुन अधिकारी**



जुन भाषामा रोए पनि आँसु उस्तै उस्तै हुन्छ
रमाएर हाँस्दा हजुर हाँसो उस्तै उस्तै हुन्छ
दया माया क्रोधमा नि डलर जस्तो भाउ हुन्न
हाड छाला रगत मासु मुटु उस्तै उस्तै हुन्छ

**- गुरूदत्त ज्ञवाली**



समयले पनि मानिसलाई सल्काउने गर्छ
सम्झनाले मुटुको पीडालाई बल्झाउने गर्छ
ए हजुर! गीतमा सुन्ने गरिन्छ बिछोडको पीडा
आफै माथि पर्दा सत्यतालाई अल्झाउने गर्छ

**- कृष्णबहादुर थापा**



भन्नेहरू कति सजिलै सहनु भन्छन्
उसको सम्झना यो मनमा रहिरहन्छन्
खुकुरीलाई के थाहा अचानाको पिडा
उ बिनाको घर खण्डहर झैं बन्छन्।

**- सरिता तुलाधर**



कहिले टेक्या धर्ती तल, खसे जस्तो लाग्छ
शिरैमाथि कैले आकाश, बसे जस्तो लाग्छ
अनायास नै जिन्दगीमा, विपद आयो भने-
सोच्नु कतै ? सुरूङ्ग भित्र,पसे जस्तो लाग्छ।

**- मुकुन्द पौडेल**




उपस्थितिको जनजनमा आभाष देउ सरकार
जनताको सुरक्षा विशेष अनि खास देउ सरकार
औचित्य आफ्नो स्वार्थमा देखाउने जुनसुकै दल,
कोहीत होलान् योग्यलाई कुर्सी पास देउ सरकार

**- बिनिता आचार्य**

# मेरो खुसी, मेरो चाह


अरूणबहादुर खत्री

कवि एवम् गीतकार हरिराम पौडेलको मेरो खुसी मेरो चाह नामक गीतसङ्ग्रह २०७५ सालमा प्रकाशित भएको छ। यस सङ्ग्रहभित्र उनीद्वारा रचिएका ६४ वटा गीतहरू समावेश गरिएका छन्। उनले यस सङ्ग्रहभित्रको पहिलो गीतमा तिम्रो मनको बैङ्कमा खोल्छु म त खाता नटुटोस् है कहिल्यै पनि दुई मुटुको नाता भनेर लेखेका छन्। एकलास जिउनुभन्दा मर्न बरू जाती गोधूलिको घामसँगै झर्न बरू जाती उनले गीतमा लेखेका छन्। उनको सबैजसो गीतहरूमा प्रेमको भावको अभिव्यक्ति छ। यस सङ्ग्रहभित्रका धेरैजसो गीतहरूमा हरिरामले प्रेमलाई कथ्य विषय बनाएका छन् र उनले प्रस्तुत गरेको प्रेम निकै लोभलाग्दो पनि छ। हिजोआज प्रेमका विकृति पनि प्रशस्त आइरहेको छ। उनले भने कतिपय गीतमा प्रेमको आदर्श रूप प्रकट गरेका छन्। उनको संयोग भाव भएका गीतमा यौवन अवस्थामा पिरतीको जेल परेको, मायालुलाई देखेर सपनी टाढा हुँदै गएको तथा उनलाई पाउँदा उमङ्गको दीप बलेको सन्दर्भ प्रस्तुत भएको पाइन्छ भने कुनै गीत मिलन हुनु अघिको सन्दर्भसँग पनि सम्बन्धित छन्।




उनले लेखेका प्राय:जसो गीतहरू जिन्दगी, प्रीत, मिलन, बिछोड, यौवनसँग सम्बन्धित छन्। तिमीलाई सम्झेर रून्छु घरीघरी पिरतीको रङ्ग पनि पाए थरीथरी उनले गीतमा लेखेका छन्। पिरतीको गीत मेरो तिमीलाई नै सुनाउछु बन्धकीमा मेरो मुटु तिमीलाई नै बुझाउँछु उनले आफ्नो प्रेमिकालाई सम्झेर लेखेका छन्। लालीगुराँस फूलभन्दा राम्रो मलाई केही छैन उनको स्वच्छ प्रीतभन्दा मिठो मलाई केही छैन उनले गीत बनाएर लेखेका छन्। गरिबलाई जसलेपनि बचन वाण हान्दोरैछ हेप्दोरैछ सधैँ सबै निरीहझैँ मान्दोरैछ गीतकार हरिरामले लेखेका छन्। झण्डै अढाई दशकदेखि गीत लेख्दै आएका हरिराम एक सिद्धहस्त शब्द शिल्पी हुन्। नेपाली गीत लेखनमा उनको उपस्थिति अत्यन्त लोभलाग्दो र आशालाग्दो छ। शृङ्गार र करूणाका भावका गीत लेखनमा उनको कलम बेजोडसँग कुदीरहेको देखिन्छ। यिनले लेखेका गीतहरू सरल भाषामा प्रयोग भएका छन्। विछोडको उजाडिलो बगैंचाभित्र पनि यिनले हामीलाई गीत मार्फत पुऱ्याएका छन्।

बल्झिरहने मनको घाउ, देख्दैन कसैले
दु:खीका आँसु आँखैमा सुक्छ, पुछ्दैन कसैले

गीतकार हरिराम उनकै कारण पीडा भुल्न नसा पिउने गर्छु विरही झैँ एकान्तमा एक्लै जिउने गर्छन्। उनले पराईलाई आफ्नो मानेर एउटा भूल गरेका छन् त्यही भूललाई सम्झेर एक्लै रोएका छन्। उनलाई छोडी टाढा गए पनि सधैँ याद गर्ने गर्छन् र फर्किएर आउने आसमा बाटो सधैँ कुर्ने गर्छन्। उनले गीतमा एक्लै छु संसारमा साथ दिने कोही छैन गोडा मेरो भासिदै छ हात दिने कोही छैन भनेका छन्। अन्त्यमा गीतलेखनमा उनको कलम अगाडि बढ्दै जान सकोस्। भविष्यमा यस्तै अन्य कृतिहरू पनि निस्केर हामीले पढ्न पाउने नै छौं भन्न चाहन्छु।

प्रकाशक: नवनारी मिडिया एण्ड रिसर्च प्रा.लि.

# हरि मञ्जुश्रीका अनुसार

## अर्जेन्टिनामा शिव मन्दिर

२०३७ सालमा स्थापित यो शिवमूर्ति अहिले पर्यटकका लागि आकर्षण बनेको रहेछ। त्यहाँ करिब ४० हजार हिन्दू रहेछन्।



# मान्छेभित्रको मान्छे सार्वजनिक

कवि प्रकाश खड्काद्वारा लिखित 'मान्छेभित्रको मान्छे' नामक कवितासङ्गह माघ २६ गते शब्दयात्रा प्रकाशनको सभाकक्षमा सार्वजनिक गरिएको छ। कवि प्रकाश खड्का, गायिका सरस्वती सापकोटा र पूर्वप्रशासक तथा लेखक डा. इन्दुल केसीले कवितासङ्गह सार्वजनिक गर्नुभएको हो। शब्दयात्रा प्रकाशनले पुस्तक सार्वजनिक गराउँदा थैली खोलेर सार्वजनिक गराउने गरेको छ। 'मान्छेभित्रको मान्छे' लाई पनि त्यसै गरिएको थियो।



कार्यक्रममा पुस्तकका बारेमा मच्छेश्वर सापकोटाले टिप्पणी गर्नुभएको थियो भने कृतिकारले पुस्तकभित्रको एउटा कविता वाचन गरी कवितासङ्गहसम्बन्धी आफ्नो मन्तव्य राख्नुभएको थियो। 'मान्छेभित्रको मान्छे' शब्दयात्रा प्रकाशनद्वारा प्रकाशित २४४ औं कृति र प्रकाश खड्काद्वारा लिखित पहिलो कृति हो। कवि प्रकाश खड्का विराटनगरका हुनुहुन्छ।




| | | |
|---|---|---|
| सम्पादक/प्रकाशक | | राजन कार्की |
| Editor/Publisher | | Rajan Karki |
| सह-सम्पादक | : | शाश्वत शर्मा |
| अनलाइन प्रविधि | : | उत्तम राज |
| कानुनी सल्लाहकार | : | शिवप्रसाद सिग्देल |
| मुख्य व्यवस्थापक | : | कृष्णकुमार कार्की |
| व्यवस्थापक | : | दिलकुमार कार्की |
| मुद्रण | : | तारा प्रिन्टर्स, कलंकी |

गोरखा एक्सप्रेस साप्ताहिक
कामपा १४, कलंकी, काठमाडौं
मो. : ९८५१०२७०८९ फोन : ४३१२०८४
E-mail : rajan2012karki@yahoo.com
nepaltod@gmail.com
Online : www//nepaltoday.com.np




# दिल्ली चुनावको तरङ्ग

दिल्लीको चुनावमा आमआदमी पार्टीले बहुमत गुमायो, जनताले अरविन्द केजरीवालको पार्टीलाई इन्कार गरिदिए । नयाँ युवा प्रवेश वर्माले केजरीवाललाई चुनावमा हराए । यो चुनावले लोकप्रियतावाद र अरूको आलोचना, विरोध गरेर मात्र संधै जनताको मन जित्न सकिंदैन, यसको लागि आफै निश्कलंक पनि हुनुपर्दछ भन्ने शिक्षा दिएको अर्थमा हेरिएको छ । दिल्लीको चुनावलाई नेपालको रास्वपा र यसका अध्यक्ष रवि लामिछानेलाई जोडेर हेरिएको छ । जुन गति अरविन्द केजरीवालको थियो, जुन भ्रष्टाचारको आरोप केजरीवालमाथि लागेको थियो, रवि लामिछानेमाथि पनि भ्रष्टाचारकै, संगठित अपराधकै, सहकारी ठगकै आरोप लागेको छ । रवि लामिछाने अदालतको चक्कर र छानबिनको दायरामै छन् । अब दिल्लीमा आम जनता पार्टी र नेपालमा रास्वपा समाप्त हुने बताइँदैछ ।

अहंकारले पतन हुन्छ भन्ने सन्देश हो यो । नेपालका नयाँ दलहरूले सिक्नुपर्ने धेरै कुरा छन् । अन्यता पतनमार्ग टाढा नहुनेरहेछ भन्ने देखिएको छ ।

केजरीवालले हिन्दुधर्मप्रति निकै विष वमन गरेका थिए । जनताको विश्वासको मत लिएर जनविश्वासको अपमान गर्नेको हालत कस्तो हुन्छ, त्यो दिल्लीको चुनावले देखाएको छ । हुन त दिल्लीको सन्देश सबै दललाई हो । तर नेपालमा ठूला दलहरू जनताको आँखामा भ्रम छरेर सत्ता चलाइरहेका छन् । ठूला ठूला भ्रष्टाचारका काण्डलाई ठूला पार्टीले पार्टीको झण्डाले गनाउने नाली छोपेझैं छोपेका छन् । नाली नाली नै हो, भाइरस भाइरस नै हो । जति छोपे पनि दुर्गन्ध फैलन्छ नै, भाइरसले रोगब्याधी बढाउँछ नै । ठूला पार्टीहरू भित्रभित्रै दुर्गन्धित भएर गलित हुँदैछन् । आमनागरिकले ठूला दल र स्थापित नेताहरूलाई उभिएको जमिन देखाइदिने बेला भइसकेको छ । फरक यत्ति छ, जनताको आक्रोशले ०८४ को चुनावसम्म पर्खन्छन् कि जनविद्रोहले गति लिएर अहिले नै नेताहरूलाई दण्डित गर्ने हुन् ?

जनतालाई हेप्ने र शोषण गर्नेहरू न त अफगानिस्तान, न श्रीलंका अथवा न त बंगलादेशमै टिक्न सके । जनताले आफ्नो अपेक्षा पूरा भएको हेर्न भोग्न खोज्छन्, जब आफू अपमानित भएको र आफ्नो मतको अबमान्ना भएको बुझ्छन्, त्यतिबेला जनताले बिद्रोह गर्नु स्वभाविक हो । समय र जनताको मन उस्तै हुन्छ, बुझ्न सकेराजनीति हो, बुझ्न नसके पतनमार्ग हुनेछ । नेपालमा परिवर्तन भयो, राजतन्त्र फालियो, हिन्दुधर्म मिल्काइयो, नयाँ नेपाल बनाउने, समानता दिने, सुशासन हुने विश्वास दिलाउनेहरू सबै भ्रष्ट र अनैतिक बनेका छन् । नेताहरू नै भन्न थालेका छन् कि नेता देख्यो कि जनता कुन चोर आयो भन्छन् । अर्थात् जनतामा नेतृत्वप्रति कतिसम्म घृणा फैलिसकेछ भन्ने उदाहरण हो यो । यति हुँदा पनि नेतृत्व चेत्दैनन् र अझै देश र जनतामाथि भार बनेर नैतिकहीनता देखाइरहन्छन् भने उनीहरूले चाँडै नै जनताको आवेगसँग मुकाविला गर्नुपर्नेछ । जब जनता आवेगमा आउनेछन्, त्यो भनेको राजनीतिक सुनामी हो । राजनीतिक सुनामी आएपछि नेताहरू को कता पुग्छन्, को कुन किनारामा मिल्किन्छन् भन्न सकिन्न । यसकारण नेतृत्वले समयमै चेत हुनु बुद्धिमानी हुनेछ । जनताको घृणा बोकेर कुनै नेता लामो समय राजनीतिमा बच्न सक्दैन । सिक्किमका लेण्डुप दोर्जी भ्रष्ट र राष्ट्रघाती भएकै कारण जनताको घृणाको भेलमा परे, जीवनको उत्तरार्द्ध आत्मपीडा बोकेर मर्नुपर्‍यो । नेपाली नेताहरू पनि जनघाती र राष्ट्रघाती भन्ने आरोपबाट कलंकित छन् । यो कलंक धुने समय छ, नधुनु र अहंकारमा बाँच्नु भनेको राजनीतिक मृत्यु निकट हुनु हो ।

राजनीति समाज बदल्ने नीति हो । नेपालमा परिवर्तन भयो, परिवर्तनका नेतृत्वकर्ताहरूले आफू र आफन्तलाई बदले । समाजलाई भ्रष्टाचार, नीतिहीनता, नैतिकपतनको मार्ग देखाए । राजनीतिलाई अपराधिकरण गरेर लोकतन्त्रको बदनाम गरिदिए । जनता लोकतन्त्र लोकतन्त्र भनेर पर्खिरहेका छन्, नेतृत्वले लोकतन्त्रलाई लुटतन्त्र बनाइदिए ।१८ वर्षसम्म पनि नेतृत्व सच्चिएन । नेतृत्व अहिले पनि जनता र देशका लागि भार बनेका छन् । साधक बन्नुपर्ने बाधक बनेपछि तिनले बेहोर्ने आमनागरिकको घृणा नै हो । स्वार्थी केही कार्यकर्ताको जयजयकारलाई प्रशंसा ठानेर बस्नु भनेको इम्परर न्यूक्लोथको कथाका नाङ्गा राजाजस्तै हो । यो भ्रमबाट निस्कन सकेनन् भने यो पद्धति र यो नेतृत्वपंक्ति छिटै दण्डित हुनेछन्, चेतना रहोस् ।

# आँखा र बुद्धि भएका अन्धा र विवेकहीन कति कति ?

लोकतन्त्र भएको नेपालमा आँखा र बुद्धि भएका अन्धा र विवेकहीनहरू कति कति ? यही महारोगले नेपालको अस्तित्व संकटमा पर्दै गएको छ ।

राजनीतिक परिवर्तन भयो, देश संकटमा फस्यो, जनताले परिवर्तनको सुख होइन, दुर्भाग्यको सकस बढी भोग्न बाध्य भरिहेका छन् । कस्तो दुर्भाग्य ?

परिवर्तन परिवर्तन परिवर्तन । इतिहासका कालखण्डमा अनेकपल्ट परिवर्तन भए । परिवर्तनबाट देशले के पायो, जनताले के पाए ?

जसले नेपाल बनाइदियो, उसलाई राष्ट्रनिर्माता भन्न डर लाग्ने ? जसले दिव्य उपदेश दिए, त्यो मान्न नसक्ने ?

पृथ्वीनारायण शाहले देश दिए, युगद्रष्टा थिए, दिव्योपदेश दिए । उनका रक्षा, विदेश, अर्थ, सुशासन, समृद्धि, दण्ड सजाय, स्यावासी पुरस्कार र एकता सम्बन्धित अनेकन निति सिद्धान्त छन्, जुन आज पनि नेपालका लागि अपरिहार्य नीति बन्न सक्छन् । आलोचना गर्नेहरूमा विवेक छैन, बुद्धि हराएको छ ।

हामी आफ्ना वीर पुर्खालाई नकार्छौं, विदेशी मार्क्स, लेनिन, माओ, गान्धीको पूजा गर्छौं, तिनलाई आदर्श मान्छौं । जबसम्म आफ्नै माटो सुहाउँदो पृथ्वी विचार अँगाल्दैनौ तबसम्म देशको ओरालो यात्रा रोकिदैन । विदेशी विचारले देश हाँक्न सक्दैन भन्ने पटक पटक प्रमाणित भइसक्यो । अझै पनि देशलाई स्वार्थको प्रयोगशाला बनाइरहने ?


यी कस्ता नेता हुन्, जसलाई मतदान गर्ने जनताले नै दया गर्छन्, घृणा गर्छन् । माया गर्दैनन्, सम्मान दिदैनन्, कुनै पनि नेताले जनताको सम्मान आर्जन गर्न सकेनन् ।

पाएको मतादेशप्रति सम्मान छैन । संसदमा सिप छैन, सरकारमा संस्कार छैन, नेतामा नेतृत्व छैन, राजनीतिले लिनुपर्ने स्वामित्वमा अडान छैन, जता हेरे पनि पहिरो छ, वर्षे पहिरो, हिउँदे सुख्खा पहिरो । पहिरो रोक्ने पहल छैन । उभिएको भूमिप्रति प्रतिवद्धता छैन । लेनदेन छ, स्वार्थको गाँठो छ, सेटिङ् छ । नीति, सिद्धान्त र नैतिकता छैन । यस्तो बहुलठ्ठी राजनीतिले देशलाई भीरबाट खगार्छ । खगारिरहेछ ।

संविधानसभा चाहियो, गणतन्त्र ल्याइयो । संघीयता चाहियो, धर्मनिरपेक्षता घोषणा गरियो । न संविधानले काम गर्‍यो, न गणतन्त्र फलिफाप हुनसक्यो । संघीयता र जुकामा भिन्नता रहेन, जनताको रगत चुसिरहेछ । धर्मनिरपेक्षता भनेको धार्मिक विभेद बढाउने र गरीबलाई धर्मान्तरण गराएर नेतालाई धनाढ्ये बनाउने व्यवसाय बन्यो । आचरण रहेन । संस्कार र संस्कृतिका बिरासत ढल्दै गए । आफ्नो पहिचान मेटाउने यस्तो बहुलठ्ठी राजनीतिले देशलाई बिखण्डन र विभाजन गराउँछ, गरिरहेछ ।

हामीले अपनाएको पद्धति भनेको वेष्ट मिनिष्टर पद्धति हो । यो पद्धतिमा लिखित संविधानभन्दा बढी नैतिक बलले काम गर्छ । बेलायतमा १७०७ मा स्थापित भएदेखि यो पद्धति संसदमा सत्तापक्ष र प्रतिपक्ष अर्थात सिटिङ र वेटिङ सरकार हुन्छ । नेपालको लोकतन्त्रमा कुन सत्ताधारी, कुन विपक्षी, कुन सिटिङ, कुन पहिलो, कुन दोस्रो तेस्रो दल भन्ने केही पनि छैन । कुन दलको कुन सिद्धान्त, नीति भन्ने पनि छैन । जुनसुकै दल जुनसुकै दलको औतार लिन पछि पर्दैनन् । अवसरवादको चरम दृष्टान्त बनेको लोकतन्त्र । यो विश्वमै अचम्मलाग्दो परिदृश्य हो । संसदीय इतिहासमै कतै नभएको उदाहरण नेपाल हो । यहाँ लोकतन्त्र छ, नीति, नैतिकता र लोकतन्त्रका कुनै विशेषता छैनन् । कोही सर्वहाराको, कोही प्रजातन्त्रको बिडा उठाएको भन्न रूचाउनेहरू आफ्नै स्वार्थ र अपराधीको बिडा उठाइरहेका छन् ।

सरकार, संसद जिवन्त रहेन । नागरिक समाज र बुद्धिजीवी पनि जिवन्त छैनन् । जता पनि लोकलज्जा देखिन्छ,




स्पष्ट मार्गचित्र कतै केही छैन । अँध्यारो सुरूङजस्तो बनेको छ समाज । पद्धति, बिधि व्यवहार सबै ।

संघीयता पार्टीका नेता कार्यकर्तालाई पेटभरि खानदिने पञ्चदेवलको हण्डी बन्यो । न्यायपालिका मन्दिर होइन, राजनीतिक रछ्यान बनाइयो । नेता, संसद, सरकार सुध्रने र न्यायपालिका सुधार्ने एजेण्डा सार्वजनिक हुनसकेन । यस्तो टीठलाग्दो विशिष्टखालको प्रजातान्त्रिक अभ्यास भनेको १९७५ को सिक्किमको जस्तै प्रजातान्त्रिक मोडल भन्न थालेका छन् विश्लेषकहरूले । अब नेपाल कता लाग्छ, हरेक राजनीतिक र कूटनीतिक मामिलामा लडेको नेपाल उठ्ने सम्भावना कम छ, कसरी र कतातिर लतारिदै जाने हो, भयग्रस्त बन्यो राष्ट्रको भविष्य । अनुभवीहरू भन्छन्- नेपाली राजनीतिमा कायरहरूको राज चल्यो । कायरताकै कारण नेपाल विश्वशक्तिको भूराजनीतिको रण्डखाल बन्यो ।

विद्वानहरूले भनेका छन्- विजय उसैलाई प्राप्त हुन्छ, जो विजयी हुने साहस राख्छन् । सायद यही विषयमा हेलेन केलरले लेखेका थिए- अन्धो हुनु नराम्रो हो तर आँखा भएर पनि नदेख्नु झन खराब हो । त्यसपछि मान्यता बस्यो- अमर हुन रहर गर्नेले आफूमा भएको खुबी देखाउन सक्नुपर्छ । नेपालमा परिवर्तन गर्न रहर गर्नेहरूले परिवर्तन ल्याउन सफल भए, यसमा राजतन्त्रले जनइच्छा परिवर्तन नै हो भने स्वीकार छ भनेर सघायो । तर परिवर्तनको १५ वर्षको परिदृश्यको आधारमा भन्न सकिन्छ- परिवर्तन गर्न रहर गर्नेहरूमा विजयी हुने साहस देखाए तर विजय कायम राख्ने नैतिकता सत्तास्वार्थसँग साटे ।

१८६९ मा प्रकाशित वार एण्ड पिसका लेखक लियो टल्सटोय लेखेका थिए- समाजमा हल्ला गरेर, कराएर, गुनासो गरेर, निन्दा गरेर, पार्टीहरू खोलेर, आन्दोलन गरेरमात्र सुधार हुनसक्दैन । त्यसका लागि भावनाको जागृति र विचारहरूमा प्रगतिको आवश्यकता पर्दछ । नेपालमा हल्ला, निन्दा, आन्दोलन भइरहेको छ, विचार र भावनामा जागृति छैन, सबै पुरातन र स्वार्थको दुनियाँमा बाँचिरहेका छन् । यसकारण हाम्रो स्वराज र स्वाधनीता खिइँदै गएको छ । टाक्सिदैछ ।

जुन नेता राष्ट्रलाई प्रेरणा दिन्छ, जनताको अपेक्षा पूरा गर्छ, त्यो नै महान नेता हो । यस दृष्टिमा हामीसँग एकजना पनि नेता छैनन् । किनभने विगत १८ वर्षमा जनताका लागि न कुनै नेता प्रेरणाको स्रोत बने, न जनताको अपेक्षा र आशा परिपूर्ति गर्न अग्रसर भए । जनता मात्र निर्वाचित सरकार जन्माउने अजिव लाग्ने चुनावी कारखाना बनाइएका छन् ।

२०३७ सालको जनमत संग्रहले पञ्चायतमा सुधार आउन सकेन । २०४६ सालमा दलमाथिको प्रतिवन्ध हटाउँदा भ्रष्टाचार र नैतिकपतनको कालखण्डको जन्म भयो । २०५२ साल फागुन १ गतेदेखि १० वर्ष लामो जनयुद्ध सुरू गर्ने माओवादी दिल्लीमा १२ बुँदे सम्झौता गरेर जनआन्दोलनमा मिसिन आइपुग्यो । यसपछि बहुदलको नाम फेरेर लोकतन्त्र राखियो । १८ वर्षे कालखण्डमा न स्वराज बाँच्यो, न स्वाधीनता जोगियो ।

राष्ट्रसंघ, भारत, अमेरिका, युरोपियन, चीनका अनेक दवाव, प्रभावका घटनाहरू हुँदै गए । राजतन्त्रलाई किनारा लगाएर धर्मनिरपेक्षता र संघीयतासहितको संविधानले राष्ट्रलाई भ्रष्टाचारको पोखरी बनाइदियो । ०६३ सालदेखि परिवर्तन हामीले ल्याएका हौं भन्ने महारथीहरूकै शासन छ, तिनले ल्याएको पद्धति नै चलेको छ, देशका लागि सतिसालको मूलथाम बनेर कुनै नेतृत्व चट्टान जसरी उभिन सकेनन् । समाजवाद र सर्वहारीवाद दुबै सत्ता र सम्पत्तिका लागि मिल्न सक्छन्, पुँजीवादी समाजवादको बाटो क्रान्ति सम्भव छ भन्न पनि सक्छन् र भ्रष्टाचारको एउटै कुण्ठमा सँगसँगै डुबुल्की मार्न पनि सक्छन् । यिनले भनेको समृद्ध नेपाल, सुखी नेपाली भनेको आफू नेपालको सदावहार जर्नेल बनिरहने राजनीतिमात्र हो । यस्तो राजनीतिले देश लुट्छमात्र । लुटतन्त्र चलाउँछ मात्र ।

राजा चाहिन्छ भन्ने स्वर छ, प्रतिवद्धता छैन । प्रजातन्त्र अपरिहार्य छ भन्ने कांग्रेसले मार्क्स, माओवाद र सर्वहारावादलाई विश्वास गर्‍यो । यथार्थमा विधिसम्मत लोकतन्त्र कायम रहेन । धरातलीय यथार्थ भनेको परिवर्तन भयो, न्यायपालिकालाई समेत सर्वदलीय संस्थाजस्तो बनाइयो । संक्रमणकालीन न्याय स्थापित हुनसकेन । संक्रमणकालीन न्याय धुमिल छ । विधिको शासन अन्धाले हात्ती छामेजस्तो हुनपुग्यो । संविधान, संसद, सरकार, संवैधानिक निकायहरू असफल भइसके । जवाफदेही हुन कोही तैयार छैनन् । राजनीति पैसा कमाउने माफियाकरण हुनपुग्यो । संसददेखि हरेक पद किनबेच भइरहेछन् । लोकतन्त्र भनेको चुनाव हो, जसरी पनि चुनाव जित्ने र लोकतन्त्रलाई खोरिया बनाएर फाँड्नेहरू आफूलाई देवताको अवतारका रूपमा प्रस्तुत गर्नथाले । दुशासन प्रवृत्ति सच्चिने आशा कमजोर बन्दैगयो । नेतृत्वको स्वार्थलाई खेलाएर शक्तिराष्ट्रहरूले नेपाललाई शक्तियुद्धको अखडा बनाइदिए । आँखा देख्ने अन्धा र विवेक गुमाएका विवेकहीनहरू हरेक पार्टीमा छन्, नागरिक समाजमा छन्, प्राध्यापन, वकिल, पत्रकारिता, व्यापार, उद्योग सबैतिर छन् । यिनकै कारणले आमनागरिक, पार्टी कार्यकर्ता, बुद्धिजीवी जो देशप्रति नतमस्तक छन्, ती कमजोर पारिदा छन् । कमजोर भएका छन् ।

भएका उद्योग बन्द गर्ने, नयाँ उद्योग स्थापना नै नगर्ने, युवायुवती निकासी गरेर रेमिटान्स अर्थतन्त्रमा सिमित हुनपुगेको नेपालको आर्थिक मेरूदण्ड भाँच्चिसकेको छ । जुन देशको बजेटभन्दा बढी व्यापार घाटा हुन्छ, त्यो देशको अर्थव्यवस्था जुनसुकै बेला धरासायी हुने खतरा रहन्छ । त्यही बिन्दुमा नेपालको अर्थतन्त्र छ । राजनीति र समाज पनि उद्वेलित भइरहेको छ । सर्वत्र अराजकताले देशलाई अस्तव्यस्त बनाउँदै लगेको छ । २५ खर्ब ऋणभार नाघिसक्यो, त्यो देश लथालिङ्ग नभए के हुन्छ ? लोकतन्त्र आउँदा भाग्योदय ठानिएको थियो, निराश पारिदिए नेताहरूले । नेपालका लागि परिवर्तन दुर्भाग्य बन्यो ।

सत्तामा यिनै थिए, यिनले नेपालको पूर्वाधार विकासका लागि एमसिसी चाहियो भनेर मागे । अमेरिकाले ५० करोड डलरको यो आयोजना दियो । दिएपछि सडकमा अमेरिकालाई मूर्दावाद भन्ने यिनै निस्किए । जब अमेरिकाले के हो भनेर सोध्नासाथ संसदबाट यिनैले पास गरे । नयाँ अमेरिकी राष्ट्रपति ट्रम्पले युएसआइडीका सबै कार्यक्रम स्थगत गरेको छ । खुल्छ खुल्दैन भन्न सकिन्न । नेपालका लागि यो अर्को संकट हो ।

चीनको बीआरआई कार्यान्वयन गर्ने भनिएको छ, कोही ऋणको चेपो भन्छन्, कोही सहायता ? के हो के हो ? सावाव्याज उठाउन नसकेपछि ती देशका आयोजनानै कब्जा गरेका घटना सार्वजनिक भएका छन् । नेपालले पनि ऋण लिएर पोखरा अन्तर्राष्ट्रिय विमानस्थल बनायो । उद्घाटन समारोहमा चीनका राजदूतले भने- यो आयोजना चीनको बिआरआई रणनीति अन्तर्गत हो भनेर खुलासा गरे, जुन सत्य नेपाल र नेपाल सरकारलाई पनि थाहा थिएन । यद्यपि यो आयोजना चीनको एक्जिम बैंकको २२ करोड डलर ऋणमा बनाइएको हो । यो एयरपोर्टबाट नेपालले कमाउनै सकेन । ऋणभार कसरी तिर्ने ? अनुदानमा परिणत गर्न नेपालले अनुरोध गर्‍यो, चीनले जवाफ दिएको छैन । प्रधानमन्त्रीको चीन भ्रमणबाट पनि स्थिति स्पष्ट भएको देखिदैन ।


नेपालको भूमि लिपुलेक, लिम्पियाधुरा भारतले खाइसक्यो । नेपालले कुरा उठाउन सक्दैन, चीन तमाशा हेरेर बसेको छ । भारतलाई कैलाश मानसरोवर यही भूमिबाट निकास दिन चनि तैयार भएको छ । नेतृत्व विदेशी रणनीतिमा फस्दै र चुक्दैजाँदा नेपालको स्वराज र स्वाधीनता नजोगिने पो हो कि ? संशय बढ्दै गएको छ ।

देश जोगाउने देशभक्त नेतृत्वले हो, बहादुर शाह बन्ने ल्याकत कुनै नेतामा झल्किदैन । राष्ट्रनिर्माताप्रति एकमत छैन, राष्ट्रियनीतिप्रति एकमत छैन । अनि कसरी देशको स्वाधीनता र सार्वभौमिकता बलशाली हुनसक्छ ?

प्रत्येक नीतिनिर्माता, शासक प्रशासकले बुझ्नै पर्ने सत्य के हो भने नेपाललाई विकास चाहिएको छ । यो विकास चीनविरूद्ध अमेरिका, अमेरिकाविरूद्ध चीन अथवा भारतविरूद्ध चीनलाई नेपाली भूमिमा दाह्रासिंहको कुस्ती खेलाएर चाहिएको होइन । हिजो पनि नेपालले सयौं मुलुकसँग सहयोग लिएको थियो, आज पनि ऋण, अनुदान लिइरहेकै छ । हिजो कुनै विवाद थिएन, आज विवाद गर्ने किन ? नेपालका लागि ऋणभारभन्दा स्वावलम्बी बन्नसक्ने आधारहरू निर्माण गर्ने अनुदान बढी आवश्यक छ । योग्य नेतृत्वले लोकलाई लडाउने, भिडाउने र लड्डु लडे झिल्ली झडेजस्तो कुकर्मबाट परै बस्नुपर्छ । यस्तो धर्म राजनीतिमा देखिदैन । हिजो के भूल भयो, भविष्यमा नेपाल र नेपालीको हितमा के कसो गर्दा राष्ट्रिय शक्ति सञ्चय निर्माण हुनसक्छ, त्यतातिर चिन्तन हुनुपर्छ । यो चासोलाई संबोधन गर्नु संसदको, समाजको, बुद्धिजीवीवर्गको र आम नागरिकको कर्तव्य हो । हेक्का राख्नैपर्ने विषय भनेको नेपालको अस्तित्व रक्षा हो । आँखाले देख्न र विवेकशील भएर निर्णय लिन जरूरी छ ।

Gorkha Express Weekly
राष्ट्र र राष्ट्रियताको साझा पत्रिका
गोरखा एक्सप्रेस साप्ताहिक

# अदूरदर्शिताको परिणाम संघीयता



सुरेशकुमार पान्डे

एउटा पनि सहासी ,निडर र अडान राख्न सक्ने राजनीतिक पार्टी हुन्छ भने कसैले पनि देशभित्र गलत चीज लागु गर्न सक्दैनन् । यदि गरिहालेछ भने पनि त्यसबारेमा बिस्तारै छलफल चल्छ र जनस्तरबाट त्यसको प्रतिकार हुनेगर्छ ।

नेपालको सन्दर्भमा देशमा गणतन्त्र सँघसगै सङ्घीयता आयो ।जतिवेला सङ्घीयता भित्रियो त्यो वेला कस्तो खालको सङ्घीयता हो ? भन्नेबारे राजनैतिक पार्टीहरू अल्लमल्ल थिए ।कसैले जातिए सङ्घीयताको वक़ालत गर्थ्यो कसैले आत्मानिर्णयको अधिकारका कुरा गर्थे । उनिहरूको भनाई थियो शोभियत रूसमा लेनिनले सघमा मिसाउँदा उनिहरूलाई आत्मनिर्णयको अधिकार दिएका हुँन् ।त्यही मोडेलको सङ्घीयता हो । हाम्रो देश ससाना धेरै देशहरू मिलेर शयुक्त राष्ट्र बनाउँन खोजेको देश होइन ।बरू छुट्टै प्रकारको भगौलिक अबस्थामा अबस्थित देश हो । कुनै पनि देशको बेग्लै अबस्था हुनसक्छ । त्यसबारेमा आफ्नै देशको गहिरो मूल्यांकन गरेर कुनै नियम बनाउनुपर्छ ।कसैको अन्धानुकरण गर्नु ठिक हुँदैन ।

कसैले सङ्घीयता एक मधेश एकप्रदेशका कुरा अगाडी सारे ।त्यो मात्र होइन एक मधेश एकप्रदेशका कुरा अंझैपनि वेलाबखतमा उठ्दै आएका छन् । जातिय सङ्घीयता पनि देशको लागि एकप्रकारको जातिय द्वन्द निम्ताउन सक्थ्यो । बहु जाती बहु भाषी समाजमा यस्ता नाराहरू उठाउदा अत्यान्तै साबधान हुँनुपर्छ । आबेशमा वा आफ्नो स्वार्थ पुरागर्ने उदेश्यले यस्ता नारा लगाउनु गलत थियो र त्यसको जोडदार बिरोध पनि भयो । त्यो वेला सङ्घीयताको वक़ालत गर्ने सबै दलहरू थिए तर नेकपा मसाल राजमो यसको विपक्षमा रह्यो । पछि राजावादीहरूले पनि सङ्घीयताको बिरोध गरेपछि मसाललाई राजावादी भनेर बद्नाम गर्न थालियो । तर पनि राजमोले आफ्नो अडान छाडेन ।

सुरूदेखि राजमोले एक्लै डटेर सङ्घीयताको बिरोध गर्यो र काठमाण्डौ केन्द्रीत दश दिने आन्दोलन समेत आयोजना गर्यो ।त्यो बिरोधको कारण जातिय सङ्घीयता र आत्मानिरण्यको अधिकार बारे एक मधेश एकप्रदेश बारे त्यो राजमोको अडानले लागु हुँनदिएन । त्यो एउटा जीत पनि हो । त्यो बेला गोपाल किराँतीले राजमोलाई प्रतिबन्ध लगाउनुपर्छ, सम्बिधान बिरोधी शक्ति हो भनेका पनि थिए ।

यदि त्यो वेला सङ्घीयताको बिरोधमा राजमोले अडान नलिएको भए देशमा अहिले मारकाटको अबस्था अथवा गृहयुध्द चलेको हुन्थ्यो । त्यो ठुलो दुर्घट्नालाई एउटै राजनीतिको पहलले टल्यो । जनताहरूले छलफल गर्ने मौका पाए ।

त्यो मात्र होइन सङ्घीयताको बारेमा देशका आम जनताले र राजनीति शक्तिहरूले बुझ्न पाए र यो छलफलमा बाक्लियो । अहिले धेरैजसोले सङ्घीयताको बारेमा बुझ्ने मौका पाएकाछन् । यसले देशलाई फाइदा छैन भन्न थालेका छन् ।

कुनै पनि बिषयमा छलफल भएन भने त्यसले दुर्घटना निम्ताउँछ ।उतिवेला सङ्घीयताको बिरोध गर्दा गोपाल किराँतीले राजमोलाई प्रतिबन्द लगाउनुपर्छ किन की उसले उठाएको मुद्धा गैयर कानुनी हो ।सम्विधान बिरोधी राजमोलाई प्रतिबन्द लगाउनै पर्छ भनेर भनेकाथिए । चित्र बहादुर केसीलाई सङ्घीयताको बिरोधमा नबोल्न कैयौंले चेतवानी दिएका थिए । उनले सम्मोदन् गर्ने ठाउँमा बम धमाका समेत गराइएको थियो । एक मधेश एक प्रदेशको बिरोध गर्दा कुनै ज्वाला सिहँ गुटले ।तरपनि उनीहरू झुकेनन् आफ्नो अडानमा कायम रहे । त्यसैको परिणाम देशबाट जातिय क्षेत्रिय पृथक मागहरू किनारा लाग्दै गए । हट्दै गए ।

अहिली कम्तिमा देशभित्र त्यो खालको जातिय र आत्मानिर्णय को अधिकारको सङ्घीय व्यवस्था छैन ।तर सङ्घीयता पनि अखण्ड देशको लागि घातक छ । खर्चिलो छ र हाम्रो देशले सङ्घीयतालाई थेग्न नसकेको कुरा प्रष्टै छ ।ऋणले आकास छुँदै गएको छ । देशभित्र आर्थिक कारोबार प्रया बन्द छन् । विदेशी साम्राज्यवादहरूले आफ्ना पाइला पसार्दै आएकाछन् । ऋण माथि ऋण भयो भने ऋण लिएर ऋण तिर्नु पर्यो भने देशको अबस्था दयानिय हुने छ ।र त्यही ऋणकै कारण देश असफलताको कट्घेरामा उभिने छ । सानो गरिब र एउटा भूपरिबेश्ठित देशलाई यसरी ऋणको भारि बोकाएर विदेशीलाई खुसि पार्ने प्रयास हुँदै आएको राम्रो सङ्केत होइन । आफूलाई ठूला दल भन्नेहरू सङ्घीयताकै कारण खुम्चिंदै र बिबादित हुँदै गएकाछन् ।

देशभित्र अपराध, भ्रष्टाचार चुलिँदै गएकोछ । एकजना व्यक्तिलाई ८४ हजार भन्दा पनि माथि ऋण परेको अबस्थामा यो सङ्घीय व्यवस्था खारेज गर्नुको विकल्प छैन । सानो देशलाई सात प्रदेश बनाएर देशमा आठौटा सरकार नौंवटा संसद बनाएर आखिर देश र जनतालाई के फाइदा छ । बरू ठुला भनौदा राजनीति दलहरूले आफ्ना झोलेहरूलाई खुसि पार्न बनाएको हो यो सङ्घीयता । देशको ६० खर्बको कुल ग्राहस्थ उत्पादन छ भनेर भनिन्छ । सार्वजनिक ऋण २५ खर्ब ३६ अर्ब पुगेको छ । त्यही ऋणको किस्ता र ब्याज तिर्न पछिल्लो समय १३ अर्ब ऋण लिइएको छ । ऋृण किन लिइन्छ भने मन्त्री र सांसदहरूलाई तलब खुवाउन । जतिसुकै झुट बोले पनि, केपी ओली, पुष्पकमल दाहाल र शेरबहादुर देउवा लगायतका यी ठुला पार्टीहरूको लगभग ३० वर्ष लामो शासनको सार यही नै हो । अहिले २०७२ पछि पनि भ्रष्टाचारलाई संस्थागत गर्ने कामहरू यिनै नेता र दलहरूबाट हुँदै आएको छ । ऋृण तिर्न ऋृण लिनेहरूलाई संघीयता चाहिएको छ । पार्टीका झोलेहरूलाई व्यवस्थापन लगाउन उनीहरूले देशलाई टुक्रा पारेका छन् ।

आम नागरिकलाई वा यो देशकालागि सङ्घीयता कुनै कामको छैन । एउटा गरिब देशले ८८४ जना सांसद नामका भेंडीगोठ, तिनका परिवार, आसेपासे पाल्नु परेको दु:खलाग्दो अवस्था छ । अब स्थिति कस्तो ल्याउनुपर्छ भने जनताहरूलाई सचेत गर्ने र सङ्घीयताको बिरूद्धमा सांसद मन्त्रीहरूको घरमा धर्ना दिने । हाम्रो देशमा थोरै सांसद भएपुग्छ ।

अहिले उनिहरूको दबदबा बनिरहोस् भन्नको लागि थ्रेसहोल्डमा पनि बढाउँने कुराहरू आएका छन् ।ससाना राजनीति पार्टीहरूलाई तह लगाउन बिचारले नसकेपछि यस्तो प्रकारको कानुनी नियन्त्रणको प्रकृया अगाडी सारेका हुनसक्छ ।

जनताहरू सचेत हुनुपर्ने झन धेरै आबस्याकता छ। ठुला दल बनाउँने पनि यिनै जनता नै हुँन । देशलाई भ्रष्टाचार मुक्त गर्ने पनि यिनै जनता हुँन् । गलत नीतिलाई तह लगाउँने पनि यिनै जनता हुन् ।

अब समय आएको छ देशका मालिकहरू सचेत र संगठित हुनैपर्छ ।यी नेताहरूको भरमा देश नछाडौं कुनै दिन यो देशलाई नै नीजी कम्पनीलाई ठेक्का दिन पछि पर्ने छैनन् । अहिले सरकारले निजीकरण गर्ने मनसाय बनाएको छ ।

सरकारले फोहर फाल्ने देखी सडक मरमत् गर्ने काम समेत ठेक्का दिन्छ । साना ठुला निकायमा सबै ठेकेदार, एजेण्ट पसे अनि श्रमजीवीले कसरी काम पाउछन् । कुनै दिन संसदलाई ठेकेदारको जिम्मा दिर्नेछन् । यो सरकार पनि पुँजिपतीको कठपुतली हो ।

भनिन्छ तरवार उही हो यदी दलालको हातमा पर्यो भने देशभक्तको गर्धन काट्छ । देशभक्तको हातमा पर्यो भने दलालहरूको गर्धन् काट्छ । राजनीति विदेशी दलालको हातमा हुँदा देशको सार्वभौमिकता खतरामा छ । उनिहरूले नीति तैयारी आ आफ्ना आकाहरूलाई सोधेर उनिहरूलाई खुसी पार्ने उदेश्यले ल्याएका हुन्छन् भने एउटा देशभक्तले दुरदर्शियता सुझबुझसँग पाइला चालेका हुन्छन् । अदुरदर्शियता अन्धानुसरण राष्ट्रघात र जनघाती बन्न पुग्छन् । सङ्घीयता,एमसीसी लगायतका बिधी देशमा सङ्कट निम्ताउँने र देशलाई असफलताको भमोरीमा घुमाउँने बिधी हुन, जसले केवल देशका दुश्मन् वा उनिहरूका दलाल वा मन्त्रीका आसेपासे र गासेहरूलाई तिमालेर सत्ता साझेदारी गर्ने आफ्नो सत्ता लम्बाउँने साधान मात्र भएकाछन । देश र जनतालाई यि सबै घातक हुनेछन् ।समयमै सचेत बनौं र हाम्रो होइन देश जनताको हितमा राम्रो व्यवस्था ल्याउँ ।राजनैतिक दलहरूले विदेशको इसारामा एकपछि एक राष्ट्रघाती र जनघाती कृयाकलाप गर्दै आएका छन् । सरकारमा जान वा बसिरहन देशको सार्वभौमिकता र अखण्डता सँग सौदाबाजी गर्नेहरू देशका हितेसी हुनसक्दैनन् । यी देश र जनताका दुश्मनहरूलाई जनताले पाखा लगाउनु आजको आबश्यकता हो । जनताहरू बिभिन्न षड्यन्त्रको सिकार बन्दै आएकाले यी विदेशी दलालहरूले उपयोग गर्दै आएका छन् ।

षड्यन्त्रका श्रोतहरू खासगरी सामाजिक कुरिती, आर्थिकहिन्ता, गरिबी वेरोजगारी लगायतका लाई हतियार बनाएर राजनैतिक फाइदा उठाउँदै आएकाछन् । हाम्रो समाज रूढीग्रस्त छ, कतै प्रगतिशीलको नाउँमा पश्चिमा छाडा प्रकारको संस्कृत भित्रिएको पनि पाइन्छ । एकातिर जनचेतना उठ्न नसकेको आर्कोतिर युवाशक्तिहरू विदेश नगई नहुने बाध्यात्मक परिस्थितिले देशको सामाजिक राजनीतिलाई सही रूपमा बुझेर ठोंस निर्णय लिन नसक्ने कार्यकर्ता र पेशाका लागि बनेका बिभिन्न पार्टीका पेसेवरहरूको आपसमा गरूजुधाईले पनि देशलाई सङ्कटमा पुराएको देखिन्छ । एउटा सचेत राजनैतिक शक्तिको बिचार देशको हितमा हुनसक्छ । सङ्घीयता पनि चोर ढोकाबाट भित्रिएको एउटा महारोग नै हो जसलाई पत्ता लगाउन मात्र लामो समय खर्चिनु पर्यो । अब समय आएको छ यो रोगलाई समयमै उपचार गर्नुपर्छ । अन्यथा यही रोगले देशको आर्थिक ढाड भाँच्नेमात्र होइन, देशकै अस्तित्वसमेत संकटग्रस्त पार्नेछ । चेतना रहोस्, सबैको चेत खुलोस् ।




# दक्षिण चीन सागर विवाद र चीनको कूटनीतिक दृष्टिकोण



*प्रेम सागर पौडेल*
*अध्यक्ष- नेपाल-चाइना म्यूचुअल कोअपरेशन सोसाइटी*

दक्षिण चीन सागरमा चीनको ऐतिहासिक स्वामित्व, अन्तर्राष्ट्रिय कानुनी आधार, तथा चीन-फिलिपिन्स सम्बन्धमा भइरहेका पछिल्ला घटनाक्रमले अन्तर्राष्ट्रिय ध्यान तानेको छ । हालै फिलिपिन्सले चीनविरूद्ध "अवैध गतिविधि" को आरोप लगाउँदै कूटनीतिक विरोध पत्र दर्ता गराएको छ । तर चीनले आफ्ना गतिविधिहरू ऐतिहासिक आधार र अन्तर्राष्ट्रिय कानुनअनुसार उचित रहेको बताउँदै आएको छ ।

चीनले दक्षिण चीन सागरमा आफ्नो स्वामित्वको दाबी गर्दा ऐतिहासिक तथ्यहरू, सांस्कृतिक दस्तावेज, तथा कानुनी सन्दर्भहरूका आधारमा प्रस्तुत गरेको छ । इतिहास हेर्दा, चीनले हान राजवंश (२०६ द्यऋभ - २२० ऋभ) को पालादेखि नै यो क्षेत्रमा नेभिगेशन, व्यापार, तथा प्रशासनिक गतिविधि सञ्चालन गर्दै आएको पाइन्छ । यसै क्रममा चीनले "नाइन-ड्यास लाइन" अवधारणा प्रस्तुत गरेको हो, जुन सन् १९४७ मा औपचारिक रूपमा चीनको नक्सामा समावेश गरिएको थियो । अन्तर्राष्ट्रिय कानुनका हिसाबले हेर्दा, संयुक्त राष्ट्रसंघीय समुद्री कानुन महासन्धि ( ग्लऋीइक) अनुसार तटीय राष्ट्रहरूको "विशेष आर्थिक क्षेत्र (EEZ)" तोकिए




पनि, दक्षिण चीन सागरजस्तो जटिल ऐतिहासिक स्वामित्व भएको क्षेत्रमा यसलाई सरल रूपमा लागू गर्न सकिँदैन ।

फिलिपिन्सले हालै चीनको Coast Guard Vessel CCG ५९०१ को उपस्थितिलाई लिएर विरोध जनाएको छ । तर चीनका विदेश मन्त्रालयका प्रवक्ताले चीनको गतिविधि पूर्ण रूपमा कानुनी, न्यायसंगत, र उचित रहेको बताएका छन् ।चिनियाँ अनुसन्धानकर्ता ली काइशेंग भन्छन्, "फिलिपिन्सको अडान कमजोर कानुनी आधारमा आधारित छ ।" अर्को अनुसन्धानकर्ता याङ सियाओले भने, "फिलिपिन्सले अमेरिकी समर्थन खोजेर यो विवादलाई अनावश्यक रूपमा उक्साउन खोजेको छ ।"

अमेरिकी राष्ट्रपति र फिलिपिन्सका राष्ट्रपति फर्डिनान्ड मार्कोस जूनियर बीचको कुराकानीमा अमेरिकी राष्ट्रपतिले दक्षिण चीन सागरमा फिलिपिन्सको कूटनीतिक प्रयासलाई समर्थन जनाएका थिए । तर, विश्लेषकहरूले यो अमेरिकी समर्थनलाई भू-राजनीतिक रणनीतिको रूपमा हेरेका छन् । अमेरिकी विदेश नीति राष्ट्रपतिसँगै परिवर्तन हुने भएकाले यो रणनीति दीर्घकालीन रूपमा प्रभावकारी नहुन सक्छ ।

चीनले हालै अत्याधुनिक प्रविधिहरू प्रयोग गर्दै आफ्नो सैन्य रणनीति सुदृढ बनाएको छ । PLA Xinjiang Military Command ले ड्रोन, रोबोट डग, र एक्सोस्केलेटन (भ्हयकपभभितयल) प्रविधि प्रयोग गरेर उच्च भूभागमा सैन्य अभ्यास गरेको छ । PLA Northern Theater Command ले उच्च-शक्ति लेजरहरू प्रयोग गरेर विस्फोटक पदार्थ निष्क्रिय गर्ने प्रविधि अपनाएको छ । चिनियाँ सैन्य विशेषज्ञ सङ झोंगपिङ भन्छन्, "चीनले अनमानवीकृत उपकरणहरू प्रयोग गरेर सैन्य तथा गैरसैन्य कार्यहरू अधिक प्रभावकारी बनाएको छ । चीनले मानवीय सहायतामा पनि ठूलो योगदान पुर्याएको छ ।

चिनियाँ नौसैनिक अस्पताल पोत "पीस आर्क" ले हालै १३ देशहरू भ्रमण गरेर नि:शुल्क स्वास्थ्य सेवा प्रदान गऱ्यो ।

८२,९८० बिरामीहरूको उपचार, १,३९२ शल्यक्रियाहरू, २०४ आँखाको मोतिबिन्दु अपरेशन, ४ नयाँ शिशुहरूको जन्मजस्ता चीनको मानवीय भूमिकाको उदाहरण हुन् । चीनले दक्षिण चीन सागरमा ऐतिहासिक स्वामित्व प्रमाणित गर्दै अन्तर्राष्ट्रिय कानुनअनुसार स्थिति स्पष्ट पारिरहेको छ । पश्चिमी राष्ट्रहरूको प्रभावका कारण कतिपय देशहरूले चीनविरूद्ध गतिविधि गरे पनि, चीनले रणनीतिक स्थिरता र शान्तिपूर्ण विकास नीतिलाई निरन्तरता दिइरहेको छ । चीनले नकारात्मक प्रचारको सट्टा सैन्य आधुनिकीकरण, मानवीय सहायता, र कूटनीतिक संवाद मार्फत आफ्नो सशक्त उपस्थिति देखाइरहेको छ ।

नागरिक पेन्सन योजनामा सहभागी होऔं!
अवकाशपछिको जीवन सुरक्षित बनाऔं !!

यस योजनाका मुख्य विशेषता:
- सबै नेपाली नागरिक सहभागी हुन सक्ने ।
- गैरआवासीय तथा वैदेशिक रोजगारीमा रहेका नेपाली नागरिकसमेत सहभागी हुन सक्ने ।
- न्यूनतम मासिक पाँच सय रुपैयाँ जम्मा गरेर योजनामा सहभागी हुन सकिने । आफ्नो क्षमतानुसार १० ले भाग जाने जतिसुकै रकम पनि जम्मा गर्न सकिने ।
- जम्मा भएको रकममा आकर्षक ब्याज/प्रतिफल पाइने । यसका अतिरिक्त अन्य सुविधासमेत भएको ।
- साठी वर्ष उमेर पूरा भएपछि मासिक रूपमा नियमानुसार पेन्सन लिन सकिने । पेन्सन लिन नचाहेमा योजनामा सहभागी भएको निश्चित समयपछि एकमुष्ट रकम फिर्ता भुक्तानी लिन सकिने ।

विस्तृत जानकारीका लागि :
कोषको वेबसाइट www.nlk.org.np मा हेर्नु हुन,
टेलिफोन नम्बर ०१-५९७०२०१ मा सम्पर्क गर्नु हुन ।

नागरिक लगानी कोष
केन्द्रीय कार्यालय
नयाँ बानेश्वर, काठमाडौं ।

In the context of learning open book on the promotion of Nationalism and Monarchism in Nepal during the mass meeting of Rastriya Shakti Nepal in Bhaktapur Branch addressed by Former Honorable Minister of Education and Agriculture Keshar Bahadur Bista

# My Updated Remarkable Memories and Impressions to date on Nationalism and Monarchism in Nepal

**(Part One)**




**By Uttam Karmacharya**

1. My Preface

I was not so seriously involved in any registered political parties prior to Covid Years but national political parties were interested my involvement in political parties during Panchayat period; multiparty democracy ;during the two elections of constitutional assembly; parliamentary elections prior to federal government elections and so on.It was not successful because of my resignation from the post of Tribhuvan University. In the meantime, a long waited nationalist and founder of late Manju Worlds Association Mr. Shanker Maghiya was kind enough to visit me regarding the request invitation to be the chief guest on behalf of National Political Awareness Campaign ( Ratriya Rajnaitic Jagaran Abhiyan ) some years back. I know him very well and used to visit me time to time to share the National Weekly Swatantra Sancharyagram especially with the news and article of National Festive Time Reform Society of Nepal and related articles of Mr. Maheshwor Juju Rajopadhyaya and himself with especial reference to National Political Awareness Campaign related news and articles. Going through several issues of National Weekly Swatantra Sancharyagram and many articled going through published in Gorkha Express Nationaal weekly I felt myself enriched on National Political Awareness Campaign and National Festive Time Reform Society of Nepal .We appreciate him very much for the important role he played for the promotion of Nationalization and patriotism. As I know he did a wonderful job as a coordinator of to organize a national program to felicitate the ten writers of book published ( 2076/ 2019 ) entitled My Greater Nepal edited by Mr. Rajan Karki. It was a remarkable and exemplary Ceremony conducted by himself as a master of the ceremony. He came to me to offer invitation letter signed by Mr. Paruhang Kuthume Rai Vice President of the National Political Awareness Campaign with Mr. Maheshwor Juju and Active member Mr. Krishna Lall Shrestha. Thank you so much Mr. Shaker Maghiya for his consideration and honor to motivate to study and involmentt of different groups of Nationalist small and big meeting and deliberations. With the invitation , he was kkind enough to present me a book

My Greater Nepal edited by Mr. Rajan Karki - Senior journalist; Editor of Weekly Gorkha Express; writer of different books; Editor of the book My greater Nepal ; and Matobadi. I was very impressed going through the articles of the book written by :

1.Mr. Bharat Dahal - Nationalist ; Thinker/motivator for promote nationalism;
2.Mr. Premsagar Poudel – Chairperson Dafe TV; motivator of Promoting ; and active social thinker.
3.Mr. Buddhi Narayan Shrestha – Boundary expert; nationalist ; writers of several books; and interviewee of several TVs of Nepal
4. Mr. Narendra Pd. Upadhyaya- Editor of Telegraph; senior journalist; patriotic/ nationalist; political and thinker/ analyst.
5. Prof.Dr. Shastra Datta Panta (SD Panta ) - writers of many books; political expertise; and nationalist
6. Mr. Ratna Sansar Shrestha, FCA - former administrator; hydrologist; social reformer; and political analyst
7. Mr. Dirgh Raj Prasai – Farmer administrator; profounder of Hinduism/ monarchy; nationalist and social reformer
8. Mr. Basanta Khadka – young social catalyst ; young journalist; involved in many civil societies / newspaper; creator of youth voices; and young nationalist
9. Mr. Sadhya Bdr. Bhandari –revolutionist of citizenship issues; Nepal nationalist; motivator of sustainability of Nepal traditional values/ culture; and senior politician
10. Special Awardees Analysts dual of My Greater Nepal former General high level military/ nationalist; thinker social reformer; Dr. Premsingh Basnet and Historian strong Nationalist ;popular socio-political analyst prof. Dr. Surendra KC and the publisher of the book The greater Nepal ; managing committee member of Ratna Sagar publication ; expertise of collection and reading books ; nationalist; social reformer; and mobilizer of social conscience/ consensus Mr. Mohan Bdr. KC were also felicitated with regards / honor and certificate of appreciation in response to their valuable contributions.

Then I started to write first article on the promotion of nationalism entitled :

1. Exemplary Felicitation and Awards to the Writers of the Book Greater Nepal edited by Senior National Journalist (Patrakar) Respectable Rajan Karki of Gorkha Express weekly
2. Nationalism in Nepal - At the verse of Collapse.
3. The King is Dead, Long Lives the King
4. Nationalism in Nepal – Only in Isolation and small group discussion
5. Nationalism and Monarchism – two sides of a Golden coin
6. Need of civil society government for the promotion of nationalism and restatement of the Monarchy.
7. Mr. Shankar Maghaiya – a Good Motivator for the promotion of Nationalism and Nationalist movements of Nepal, the follower of Manjur Worlds and late Chiniya Lall and Usha Singh Foundation led/ chaired by Dr. Yadab Pd. Dhungana
8. The Crown and the King – inseparable elements of Nepali Politics
9. Monarchism in Nepal and Indian independence day in Virginia among the people of 32 countries
10. Increasing popularity of Monarchism in Nepal and aboard

This one is my 11th article on Nationalism and Monarchism of Nepal. First of all I wish to express my heartfelt obligation to Mr. Narayan Pd. Sowngamikhaa and Mr. Drub Narayan Liviji for visiting me time to time to discuss on the situation and promotion of Nationalism and Monarchy in Nepal and organiging meetings in Bhaktapur. It was very nice to meet the group time to time under their leadership. Fortunately, I got chance to participate Mass meeting of Former Minister Keshar Bdr. Bista on Saturday 19 Magh 2081 BS amid around more than 70 participants of Kathmandu Valley .

I know him for long time in the capacity of his teacher thee College of education Laboratoty School in Kirtipur When he was studying at grade eight. I knew that he became education and cuture Minister ssix times and Agriculture miniter one time during the period of Panchayat System . His moral resignation from the Minister of football disaster case a decade back was exemplary in Nepal in Nepal. He has been very actively involving in Neapli polittic for the last more than 40 years. Presently, 6 years back he established Rastriya Shakti Nepal- nonpolitical organization and I got chance to meet him after long time in heis Neww Office in Lainchaaur amid huge gathering of retired government high level offices of Nepal after its establishment. My first meeting was made possible in his Rastriya Shakti Nepal through Mr. Develota , Shankar and Dr.Mohan Shrestha. His deliberation of the Rationale of establishing of Rastriya Shakti Nepal was quite interesting. His political life was very clean , simple character and gentleness plus social popularity were his features. His valuable analysis of political Electoral percentage of population representation of Nepal was qquite interesting and valuable to know for the people of Nepal. While explaining about Nationalism oriented parties and diversification he has seriously mentioned that We need the President Nepal not the president of the party only. So is the case with the of Prime minister of Nepal not only the prime minister of the party. He also explained about the need of direct election of the president and the prime minister

He was kind enough to explain the deterioting status of Nepal among the Asian countries in hundreds of issues such as instable political parties and government; malpractices ;industrial degradation, import of common necessities; illegality, immorality ; political crime, illegal property ( Akuta Sampati) etcs. Brain draining of the people and students/ citizen going abroad for work /job because unfavorable situation in Nepal. His meeting with Honorable Pashupati SJB Rana and need of 2/3 majority in the parliament to reimplementation of the Constitution of Nepal 2047 was quite interesting to know in the mass meeting . The 17 years of His Majesty King's safe landing was also his remarkable notes as A historical land mark in the world. The discussion between Girijaa Pd.Koirala and HM The King Birendra BB Shaha Dev and HM Gyanendra BB Shaha Dev were also valuable remarks of their Majesties regarding the Moist Movement in Nepal. Latter on the mass meeting was more focused on : Visit of His Majesties in different districts; recent grand celebration in Bhaktapur and Patan; Civic Reception Preparation of Kathmandu in collaboration with Rastriya Shakti Nepal. Then on I became highly interested to go through the biodata Mr. Keshar Brd . Bista and Members of Rastriya Shakti Nepal And Boucher of Rasri Shakti Nepal to draft my second part of article entitled " Keshar Bdr. Bista and promotion of Nationalism and Monarchism in Nepal . After the mass meeting discuss in the presence of Respectable Dhrub Levi ; Narayan Prashad Songamikhaaji andTek Bahadur Karkiji on Thrusday 2025 Feb 06 was very valuable with reference to the need of urgent need of University of Nationalism and colleges in Nepal and establishment of academy of Nationalism.

Finally, I have a strong suggestion to collect and seriously study following documents on Nationalism and Monarchism in Nepal in Nepal

1. Our Nepal Greater Nepal published by Rastrria Samaaja Sudhaar 2059 BS
2. History of Nepal SLC course book before New Education System Plan 1972 (NESP)
3. Book Greater Nepal edited by Senior National Journalist (Patrakar) Respectable Rajan Karki of Gorkha Express weekly
4. Nepal Parichaya syllabus book implemented after NESP
5. Sahid Sramitee Grantha published from Sahis Chiniya Lall Shrestha and Ushasing Samriti Academy 2023
6. The constitution of Nepal 2009; 2017; ; 2047 and 2072
7. Indian independence Day and Nepal Democracy day 2007 BS
8. HM The King Mahendra and Rotary International
9. Peace Proposal of Nepal
10. 72 features of Nepal in the Google net system
11. Foreign policy of Nepal with reference to the foreign policy of HM the late King of Mahendra and Birendrra.
12. National and International Boundary of Nepal books published and written by Buddhi Narayan Shrestha
13. Amar sahidha Chiniya lall Singh published from Sahid Chiniya Lall and Usha Singh Memorial Foundation 2074 published in 2076 BS
14. The King Mahendra and 2017 BS written and published by Digharaj Prasai through The King Mahendra Memorial Committee 2047
15. Raja Mhendra ko Rastraabad by Dr. Shastra Dutta Pant published in 2071 Poush 01
16. Need to collect documentation on Nationalism and Monarchiism from Different countries specially from Israel and Monarchical countries and University of Natinalism and its curriculum and different level of test books

# Smash And Grab

*By Sunanda Datta Ray*

At home the chief executive hunted for excuses to further insult and humiliate the King. No charge was too grotesque. He was accused of stealing nearly Rs 2 million that had allegedly been sanctioned for a new palace and of complicity when a Sindhi employee of the Sikkim State Trading Corporation's Calcutta office was apparently caught trying to export an eleventh century Cholha Nataraja in bronze. Calcutta newspapers suggested that the Chogyal was "trying to raise funds either for planned retirement in the United States or to prepare for counter-insurgency operations in Sikkim." The palace budget, which had been reduced from Rs 3.6 million in 1971-72 to only Rs 2.9 million in 1973-74, was slashed by 75 per cent the following year; with sole control of finance, Lal also refused to allot a penny of the Rs 2.5 million annually required for the Sikkim Guards. The Gyalum's modest pension (Rs 500 a month) was cut off, and the chief executive would not allow anything either for the education of the three younger Namgyals in the United States. With many dependent relatives and a large staff to support, also obliged as head of state to keep up some style, the Chogyal was at his wits' end for money. The monastic peace he had known as a youth seemed to offer an escape from the torture of political, financial, and personal anxieties. He wanted to have as little as possible to do with the politicians and official who had eroded his faith in humanity.

Tenzing would not hear of it, for he was the crown prince and Sikkim and the throne would one day be his. He was determined to salvage his inheritance. The prince, therefore, took pains to understand and respond to Sikkimese sensitivities. He listened with deferential attention to older politicians, even those who opposed his father, conducted himself with affable dignity among Indian civil servants and military officers, and was able to establish immediate rapport with young Sikkimese. His easy simplicity and attractive, outward-going nature made an instant appeal. contd...

Kazini spoke fondly of him, and even Kazi was reputed to have remarked that things might have been different if Tenzing had been on the throne. The Raniphul incident seemed to have been forgotten. A spell of training with Indian Administrative Service probationers, followed-by a short stint in Mrs Gandhi's secretariat, had made him many friends in India and also taught him the rudiments of paper work. When not helping his father with files, the athletic young prince merrily kicked a football with Indian soldiers or practised archery with Sikkimese lads, without the slightest trace of condescension. Observing him at work or play, so full of vigorous promise, no one remembered the curse of the Namgyals: that first-borns came to an untimely end. He was the hope of Denzong's future.

Tenzing had heard from his friends of an abortive attempt to annex Sikkim, made on 4 March, the day Poudyal and Subeidi ambushed the Chogyal at Rangpo. Hoping to cash in on indignation, the chief executive then asked the cabinet to adopt resolutions dissolving the Guards and deposing the ruler. A frightened Kazi was ready to oblige, but Krishna Chandra Pradhan confirms that the rest tried to bargain for their rights. "The demand was dropped only when we asked if we would then be allowed to elect our own head of state as in India, and for guarantees that the end of the monarchy would not mean the end of a separate Sikkim". When he heard of this untypical display of ministerial acumen, Tenzing persuaded his father to make another overture to the Sikkim Congress. They were invited to discuss their grievances with the palace and advise the Chogyal on how he could best adjust to new circumstances. "My doors are always open" he announced. "Unless a dialogue starts, how can we proceed¿" The crown prince was even more forthright, when he told a foreign correspondent: "The people of my country are capable of being governed by themselves; they do not want to be governed by India."

He had listened to public grievances, noted the complaints of officials, heard of Kazini's bitter tirades, and deduced from the 4 March episode that at least some legislators might be prepared to make a stand. Encouraged, Tenzing decided to act on his own initiative, and, without discussing his plans with anyone in the palace, drove down to Kazi's bungalow on 10 March. It was an exploratory sortie; the two men talked and argued for three hours. Tenzing pleading for Sikkimese unity in the face of crisis, the chief minister alternately brooding on his old grouses against the durbar and contemplating in dread India's inevitable reprisal. But the wheel had turned full circle, and Kazini now fervently begged for a truce with the palace, and a joint effort to save the kingdom. Between her and the prince they ultimately wore down Kazi's timid hesitation; he would close ranks, he promised, if the Chogyal validated the 1974 elections, recognized the Sikkim Congress as the party in power, and confirmed him in office. In addition, the chief minister demanded control of the portfolios that had been retained in Indian hands in violation of the tripartite agreement. Tenzing at once assured him that he personally was prepared to accept all the terms; he was convinced his father would too, but promised to return next evening with the Chogyal's formal approval. They would then discuss a strategy for confronting New Delhi.

The visit must have been reported. For Gurbachan Singh sent for the chief minister on 11 March, accused him of deceit and treachery, and paraded other members of the assembly who had signified their willingness to oust Kazi. He was told that the only way of averting punishment was to endorse the proposals made by Lal on 4 March. Kazi's nerves gave way, and he agreed to do everything that was asked of him; he also consented to staying on in India House to avoid another encounter with Tenzing. The intention was to ensure that there was no one at home when the prince kept his tryst. The PO's wife invited Kazini to join her husband, Mrs Khorana pressed her to spend the evening at her house, a spate of seemingly fortuitous social invitations flooded in from other even more unexpected sources. But Kazini would not budge. She stayed at home, in the small back room that was her study and whose most noticeable feature, unexpected in a woman's boudoir, was a typewriter, watching with dismay as the CRP guards were reinforced, and the gates securely locked. contd...

# हिजोदेखि आज पनि रअ कै चलखेल


डा. शास्त्रदत्त पन्त

सही गर्ने बेलामा गृहमन्त्री गच्छेदार बहाना बनाएर बाहिरिए। तीनजनाले सही गरेको कागज आफ्नो नाम थपेर दूतावास पठाउनका लागि गच्छेदारले हातमा लिए। गच्छदारले सो कागजलाई आधिकारिक नबनाईकन राजदूतलाई खुसुक्क हातमा राखिदिए। एउटा जासूसले सरकारी निर्णयको उतार दिए सरह। राजदूतले विज्ञप्ति निकाले। विज्ञप्तिमा भनिएको थियो- "नेपालस्थित आफ्ना एकजना कुटनीतिज्ञले मधेशमा आन्दोलनकालागि राजनीतिक दलहरूलाई उक्साएको भनी आएका खबरहरू झुठा हुन्, भारतले अस्वीकार गर्दछ।" भारतीय बिदेशमन्त्रालयका प्रवक्ता सइद अकबरूद्दिनले भने- "संचार माध्यममा आएका खबरहरू भ्रामक एवं गलत छन्। त्यस्ता खबरले नेपाल र भारत बीचको मैत्री सम्बन्धबाट ध्यान अन्यत्र मोड्न खोजिएको छ।" नेपालको सरकारी स्रोतले ती विवादित कूटनीतिज्ञको कार्याबधि सकिएको र दिल्ली फर्कन लागेको मात्र जानकारी दिए। त्यो पनि अनौपचारिक रूपमा। आधिकारिक रूपमा भारत मात्र बोल्यो, नेपाल बोल्दै बोलेन। पहिलो कुरा यस्तो विरोध औपचारिक रूपमा सरकारले गर्नपर्ने हो। दलले जन आवाजका मात्र प्रतिनिधित्व गर्छ। त्यो सरकारको बोली हुँदैन। दोश्रो कुरा कार्यावधि सकिएर गएको भन्दैमा राष्ट्रमा विप्लव गराउने काम गरेको अभियोगमा कार्वाही नै नगर्ने भन्ने हुँदैन।

यी सत्तामा बसेका चारै दलका नेताले राष्ट्रघाती काम गरेको र विदेशीको दलाली गरेको ठहर्दछ। तल्ला तहका नेताले आफ्ना नेतालाई कार्बाही गरेर निकाल्न नसक्नु दलभित्र आन्तरिक प्रजातन्त्र नहुनु हो, तानाशाही हुनु हो।

तीन ठूला दल (माओवादी, काँग्रेस र एमाले) विवादित कूटनीतिज्ञको फिर्तीको मागबारे पत्रकारले सोधेको प्रश्नलाई सइद अकबरूद्दिनले प्रतिकृया दिन इन्कार गरे र भने - 'दलहरूले के भनिरहेकाछन् भन्ने कुरामा हामी प्रतिक्रिया दिन्नौ। नेपाल सरकारले भन्यो भने मात्र हामी प्रतिक्रिया दिन्छौं।' नेपाल सार्वभौम मुलुक भएर पनि यहाँका जनताले चाहे अनुसार गर्न नपाउनु र बिदेशीले जे चाहे त्यही गर्ने र नेपालका सत्तामा बसेका नेता निरीह भएर उनका गोटी मात्र हुने गरेको कुरा नेपाली मात्रको दुर्भाग्य हो। भारतको जनता दल युनाइटेडका महासचिव के.सी. त्यागी र समाजवादी नेता विजयप्रतापले भारतीय कुटनीतिज्ञबाट आएको अभिव्यक्ति सही भएको तर त्यस्ता अभिव्यक्तिले सम्बन्ध बिथोल्न कुनै असर नपर्ने बताएका थिए।

ड्राइपोर्टको व्यवस्थापन भारतले लिएपछि नेपालको अर्थतन्त्र दिनहुँ गिर्दै आएको छ। अरूहरू खण्डले थप तथ्य पुष्टि गरेका छन्। भारतीयले नेपालको अर्थतन्त्रको संवेदनशीलतामाथि हालिमुहाली गरिरहेका छन्। नेपालले ५ वटा ड्राइपोर्ट बनाउनुको मूल आशय के थियो भने नेपालले पाँचै ठाउँबाट बन्दरगाहसम्म सिधै नेपाल रेल चलाउने भन्ने थियो। भारतले चाहेको खण्डमा बिचमा नक्कली र अवैध काम हुन नपाऊने भनेर भारतले नेपालरेलका वाइगनमा सिल गर्न पाउने ताकि बिचमा भारतीय तस्करले सामान छिराउन र वराल्न नपाऊन्, नसकून्। नेपालले निर्यात गर्ने सामान नेपाल ड्राइपोर्टबाटै नेपाल ट्रेनमा लोड गर्ने र त्यसलाई कहीं नरोकी सिधै बन्दरगाहसम्म जान दिने र नेपालकालागि ल्याइएका सामान त्यही रेलबाट बिना रोकटोक र अवरोध नेपाल भित्र्याउने भन्ने थियो। यसो भए नेपालको सामान भारतले ढुवानी गर्ने प्रश्न पनि रहेन नेपाली ट्रक र सीलबन्द कन्टेनर नेपालीलेनै बोक्न पाउनु पर्ने भन्ने नेपालीको मागको कुरा पनि रहेन। बिचमा ढिलो हुने, अवरोध हुने, घूष खुवाउनु पर्ने जस्ता सबै अवरोध हट्ने र त्यसबाट ४० प्रतिशत सस्तो हुनेभएबाट नेपालको उद्योग धन्दाले विश्वव्यापार गर्न प्रतिस्पर्धा गर्न सक्ने सार थियो। त्यसलाई तुषारापात गराईदियो भारतले, सौथ डेस्कले, 'रअ' ले।

०००

कसरी बनाउन समुन्नत नेपाल ?

समस्याको पहिचान र समाधान

माथिका अध्यायहरूमा नेपालको आर्थिक उन्नति किन हुन सकेन भन्नेबारे धेरै विवेचना गरिएको छ। आज मुलुक भिल्लको देश भएको छ। सबै श्रोत भएर पनि त्यसलाई व्यवस्थापन गर्ने खुबी राख्दैन। हीनताभाव राख्छ। पश्चिमा पूजिपतिलाई महान ठान्छ। अपनत्वमा विश्वास राख्दैन। आफै वैदिक संस्करको गुरूभएर भारतलाई सिकउनुको साटो १३१८ वर्षदेखी विदेशीको दास भएको, संस्कार, संस्कृति र स्वाभिमान गुमाएको भारतलाई नेपाली दल नेताले मार्गदर्शक गुरू मान्दछ, कान्छो भाइलाई दाइ मानेको छ। नेपाल सरकारले मुलुकका प्राकृतिक श्रोतसाधन आफूले परिचालन गर्दैन, भारतीय र विदेशीलाई दिन्छ, त्यो पनि उनकै सर्तमा। नेपालको आर्थिक नीति र प्रकृया भारतको निर्देशनमा हुन्छ। नेपाली उद्योग ब्यापारको मध्यस्थता भारतका ब्यापारीले गर्छन्।

नेपालको हिमाल, हिमालको जल र वन, वनपैदावर र जडिबुटीहरू रोजगार र आर्थिक उन्नतिका लागि ठुला श्रोत हुन्। हिमाल एकाधिपत्यप्राप्त पर्यटन र प्राकृतिक रूपको जरिबुट श्रोत हो, तर यी सबै अव्यवस्था, अनभिलेख र नीतिहिनताका कारण दुरूपयोग भएका छन्। त्यस्तै छ मानवश्रोत, जल श्रोत, हिमाल श्रोत र पर्यटन श्रोत। नेपाल १८ प्रकारका मौसमी विविधताको देश हो। दुई मौसमको युरोप र मध्यपूर्व चार मौसमको ओसिनिया र अमेरिकासंग तुलनै हुन सक्तैन। पर्यटन विश्वकै पहिलो श्रोत हुनसक्ने अवस्थामा छ।

अत: यसले विदेशीको निर्देशनमा हैन तिनलाई निर्देशन गर्ने क्षमता राख्नुपर्दछ। त्यो राख्न ज्ञान चाहिन्छ जुन हाम्रोलाई पश्चिमाले मासिदिएकाछन्। यहाँ नमिल्ने पद्धति पश्चिमाको लदाईदिएका छन्। त्यसलाई बुझ्ने क्षमता सत्ता चलाउने कसैमा पनि पाइँदैन। हजार वर्ष पहिलेदेखि गुमेको हाम्रो क्षमतालाई बढाउने ज्ञान, शीप, क्षमता, खूवी, आँट, साहस, धैर्यता नहुनु आजको समस्या हो। गरिवी र अचेतनता हाम्रा मुख्य समस्या हुन्। हामी गरिब छौं त्यसकारण अर्धचेत छौं, हामी अर्धचेत छौं, त्यसकारण गरिब छौं। त्यसबाट कसरी उम्कने यस खण्डमा केही उपाय खोजिएका छन्।

किन पन्पदैन नेपालको उद्योग व्यवसाय, किन हुँदैन नेपाल समृद्ध, किन बढाउन सक्तैन रोजगार संख्या र उत्पादकत्व जस्ता सवैसवालको उत्तर हो भारतको नेपालप्रतिको प्रबृत्ति र नेपाली शासकको अक्षमता। भारतकै कारणले जलस्रोतको विकास चाहेजस्तो गरी गर्न सकिएको छैन। नेपालका सबैखाले उद्योग स्वतन्त्र रूपमा प्रतिस्पर्धामा उत्रिन सकेका छैनन्। पर्यटन उद्योग मौलाउन सकेको छैन। मौलिक रूपमा विकास गराइएका गलैंचा, पस्मिना र गार्मेन्ट, सिगरेट, जुट। कपास, धागो उद्योगहरू पनि भारतीयहरूको घूसपैठ तथा नक्कली कारोबारी हस्तक्षेपका कारणले धराशायी हुँदै गएका छन्। भू-परिवेष्ठित देशले पाउनुपर्ने सुविधामा पनि नकारात्मक प्रभाव परेकोले ढुवानी दोब्बर महंगो छ।

स्वतन्त्र रूपमा राष्ट्रलाई अगाडि बढाएर आत्मनिर्भर गराउने राजा वीरेन्द्रको विकास प्रयत्नलाई भत्काउने काममा इण्डिया प्रत्यक्ष रूपमै संलग्न रह्यो। दलहरूलाई भारतको आशीर्वाद नपाई सत्तामा बस्न सकिँदैन भन्ने त्रासदी छ। दल फुट्ने र जुट्नेमा भारतमुखी हुने र नहुनेबीचको अडान छ। स्वतन्त्र अस्तित्व कायम गर्नु भनेको राजा वीरेन्द्रको आत्मनिर्भर हुने पथमा हिंड्नु थियो। त्यस समूह वा दललाई नेका र एमालेले खुलेआम र राप्रपा र सद्भावनाले नेपाललाई सार्वभौम, आत्मनिर्भर, समुन्नत र प्रबुद्धहरूको देश बनाउन नेपालको राजनीति विभाजित मनस्थितिमा हुने पद्धति नै हुँदैन।

नेपालको आजको दूरावस्था हुनुमा के कारण हो भने कुनै पनि दलीय सरकारले भारतको निर्देशन बिपरित, भारतको आशय नबुझी काम गरेको पाइँदैन। नेपालको सरकार नेपालको हो कि भारतको, निराकरण गर्न कठिन छ भन्छन्, आम जनता। यी तलका नमुना उदाहरणले यो कुरा थप प्रष्ट हुन्छ।

(क) नेपालमा वार्षिक ८ अर्ब औषधिको माग छ तथा १५ प्रतिशतले वार्षिक रूपमा वृद्धि भइरहेको छ। त्यसको ६५ प्रतिशत हिस्सा इण्डियाबाट आयात गरिन्छ। इण्डियन औषधि आयात गर्दा त्यसमा भ्याट लाग्दैन तर नेपाली औषधि उत्पादकले लेभल सिसी जस्ता बस्तु आयात गर्दा भ्याट लाग्दछ।

(ख) ८० प्रतिशतभन्दा बढी नेपालीको जीवन निर्भरता कृषिमा छ। कृषिमा वंशज सीप छ। बाखा पालन आइमाई केटाकेटीले पनि गर्न सक्तछन्, खेर जाने समय सदुपयोग गर्न सक्तछन्। नेपालमा मासुका लागि मात्र वार्षिक ८ अर्ब बराबरका पशु भारतबाट आयात गरिन्छ। पशु ल्याउँदा कुनै कर वा भन्सार लाग्दैन तर पशु पाल्दा चाहिने दाना, औषधि जस्ता वस्तु आयात गर्दा भन्सार र भ्याट लाग्दछ। स्थानीय सरकारले पनि कर लदाउँछन्।

# कांग्रेसभित्र चर्को अन्तरसंघर्ष

**नरेश विष्ट, नुवाकोट**

नेपालको राजनीतिक परिदृश्य अहिले एक जटिल मोडमा पुगेको छ। यहाँका संस्थागत प्रतिरोध, पार्टीभित्रका विभाजन, बाह्य प्रभावहरू र बदलिँदो सत्ता समीकरणहरूले सत्तारूढ गठबन्धनभित्र तनावको वातावरण सिर्जना गरेका छन्। नेपाली कांग्रेस भित्रको आन्तरिक प्रतिष्पर्धा, सुरक्षा निकायहरूमा असन्तुष्टि र सञ्चारमाध्यमहरूमाथि नियमनको प्रयासले देशको लोकतान्त्रिक प्रक्रियामा गम्भीर असर पार्न सक्ने संकेत दिएका छन्।

सुरूवात गरौं, प्रशासनिक निकाय र सुरक्षा संस्थाहरूको अवस्थासँग। प्रस्तावित प्रहरी विधेयकलाई लिएर प्रहरी प्रशासन भित्र असन्तुष्टि फैलिएको छ। यस असन्तुष्टिको यदि विरोध बढ्छ भने, यसको असर कानुन कार्यान्वयन र शासनमा कस्तो पर्न सक्छ ? यही समय, सेनाको निष्ठा सम्बन्धी पनि प्रश्न उठेका छन्, विशेष गरेर ताराद्वजसँगको विवादको सन्दर्भमा। यो विवादले राष्ट्रिय सुरक्षासम्बन्धी चिन्ताहरू निम्त्याउन सक्छ। अर्कोतर्फ, सरकार र न्यायपालिकाबीचको बढ्दो तनावले गहिरो शासन चुनौतीको संकेत दिन सक्छ। नेपाली कांग्रेस भित्रको विभाजनले तत्काल अस्थिरता नल्याए पनि, साना अन्तरविरोधहरूले भविष्यमा शक्ति सन्तुलनमा परिवर्तन ल्याउन सक्छ।

नेपालको पश्चिमी र दक्षिणी क्षेत्रमा सरकारको विपक्षी धारणा अझ बलियो देखिन्छ। यसले परम्परागत राजनीतिक विभाजनलाई पुष्टि गर्दछ। थप रूपमा, सामाजिक सञ्जाल नियमनसम्बन्धी प्रस्तावित नीतिहरूको विरोधले सञ्चारमाध्यमहरूलाई सरकारविरूद्ध एकताबद्ध गर्न सक्छ, यसले सरकारका लागि रणनीतिक व्यवस्थापनको आवश्यकता पनि जन्माउँछ। नियन्त्रण नियमन कानून निर्माणमा थापा सचिवालयको सक्रियताले थापा माथिको समाचार संकलनकर्ताको अपार समर्थनको नैतिक धरातल भत्किने संभावना पनि छ।

अब आइपुगौं नेपाली कांग्रेसको नेतृत्वको संघर्षमा। महामन्त्री गगन कुमार थापाले नेपाली कांग्रेसको अध्यक्षका रूपमा उदाउने अड्कलबाजीहरूले पार्टीमा नयाँ शक्ति सन्तुलन सिर्जना गर्ने सम्भावना बनाएका छन्। पार्टीका अन्य नेता विश्वप्रकाश शर्मा उपाध्यक्ष र प्रदीप पौडेल क्रमशः उपसभापति र महामन्त्रीको रूपमा उभिने अड्कल छन्। यदि गगन थापा नेतृत्वमा उत्रिए भने, शेरबहादुर देउवाले उदाउँदै गरेकी क्षमतावान नेतृ डा. आरजू राणाको सुरक्षाका निम्ति यी नयाँ शक्तिहरूसँग कसरी सामना गर्नेछन् भन्ने बहसले गति लिएको छ तर यो पनि चर्चा चलेको छ कि महामन्त्री थापाले छिट्टै देउवाका उत्तराधिकार प्राप्त गरून् ! एक फरक तर गम्भिर प्रसंगमा अवतरित हुनुपर्दा गगन थापा माथि क्रिश्चियानिटीको आरोप लाग्ने गर्दथ्यो र त्यो गगन थापाले हालै हिन्दू मन्दिरमा पूजा गरेको एक भिडियो सार्वजनिक गरे, जसले केही जिज्ञासा उठायो। उनि माथि लागेको आरोप र सार्वजनिक त्यो भिडियोको विचबाट नियाल्यौ भने के तमाम नेपाली हिन्दुवादी नेताहरूले मन्दिर दर्शन गर्दा आफूद्वारा अभिनीत वृतचित्र प्रसारण गर्छन् त ? के यो व्यक्तिगत आस्था हो, वा यसमा कुनै रणनीतिक पाटो पनि जोडिएको छ ?

गगन थापाको धार्मिक क्रियाकलापलाई खुलेआम प्रचार गर्नुको कारण के हुन सक्छ ? सरकारले विआरआई ड्राफ्ट दस्ता निर्माण गर्यो नेपाली कांग्रेसले सरकारको 'घुम्ती उच्चस्तरीय संयन्त्र' निर्माण गर्यो जहाँ गगन थापाकै सचिवालय सक्रिय थियो र विआरआई सम्झौता भयो। उपरोक्त सम्झौता माथि मित्र राष्ट्रहरूको नाराज चेहरा बुझेका थापाले 'जब परराष्ट्र मन्त्री सभापति नै चाहनु हुन्थ्यो त मेरो के लाग्थ्यो र' भन्ने जवाफ दिए तर यो ब्यालेन्स गेम लामो यसरी टिकेन कि, थापा सरकार ८४ सम्मै रहने अभिव्यक्ति दिन तल्लिन रहे। त्यो भन्दा पर सरकारद्वारा निर्मित अध्यादेशहरू निर्माण गर्न निरन्तर सक्रिय रहिरहे र यो विषयले भारतलाई कुन डायमिटरको चोट लागेको छ वा अमेरिकाले यसलाई कसरी लिएको छ वा उनि चिनिया एक दलिय प्रणाली भित्र प्रवेश गरिसके ? यस विच अन्य के संशय आरम्भ पनि भएको आभाष छ कि यो पछिल्लो पूजायाचनाले आर एस एस प्रभावित भयो वा भ्याटिकन नाराज ! साथै, केही रिपोर्टहरूका अनुसार, पश्चिमी प्रभावहरूले गगन थापालाई भारतसँगको सम्बन्धमा महत्वपूर्ण व्यक्तिका रूपमा प्रवेश गराई दिएका छन्। यदि यसले यथार्थमा आकार लियो भने, नेपालका नेतृत्वमा नयाँ भू-राजनीतिक समीकरणहरू विकसित हुनसक्छ। यस्ता रणनीतिहरू नेपालका क्षेत्रीय र अन्तर्राष्ट्रिय सम्बन्धहरूमा, विशेषगरी बीआरआई जस्ता परियोजनाहरूसँगको सम्पर्कमा के प्रभाव पार्न सक्छन् भन्ने प्रश्न उनले अब आजीवन मेटाउन सक्ने छैनन्। भारतलाई संभवत मन्दिरको सन्त पुजारी भन्दा उसको सुरक्षा स्वार्थ ठुलो छ उ भन्छ 'भारत माता की जय !'

एक अर्को प्रसंगमा कांग्रेस भित्र वीपी पुत्र शशांक कोइरालाको रणनीतिक सक्रियता र भारतीय दूतावाससँग भनिएको भेटवार्ताले बाह्य प्रभावहरूको संकेत दिन्छ तर, उनि नितान्त सचिवालय सदस्यको एक सेरेमोनियल कार्यकारी सदस्यमै सीमित देखिन्छिन्। आम रूपमा वेल मिनिङका डा. शशांक बिरामी परेपछि उनको घरभित्र विभाजनकारी बाह्य शक्तिको दबदबा बढ्यो।

यसैबीच, देउवाको रणनीतिक सोचमा पनि महत्त्वपूर्ण घटकहरू छन्। पार्टीभित्रको गुटबन्दीले देउवा डा. शेखर कोइरालाको गतिविधि, विशेष गरेर कोशी प्रदेश र सुदूरपश्चिममा भएको उनको क्रियाकलापलाई निकटबाट नियालिरहेका छन्। देउवा यसलाई सामान्य राजनीतिक चहलपहलका रूपमा देख्छन् कि यो एक ठूलो चुनौतीको संकेत हो ? भविष्यमा यसले कस्तो रूप लिन्छ, त्यो महत्त्वपूर्ण हुनेछ। तर, देउवा डाक्टर शेखर कोईरालासँग धेरै विमत्तिहरू राख्दैनन्। किनभने डा. कोइरालाको भूराजनीतिक सन्तुलन अलि ज्यादा स्थिर छ। यी मूल कारणहरूले आन्तरिक शक्ति सन्तुलनमा देउवा परिवारले डाक्टर शेखर कोइरालासँग सहकार्य गर्ने संकेत गर्दछ तर यसविच गगन थापासँगको पुनर्मिलनमा डाक्टर मिनेन्द्र रिजाल, एन पी साउद, राजेन्द्र बजगाई, गुरू घिमिरे, गोविन्द पोखरेलहरूको भूमिका रोचक देखिनेछ। नेपालको भू-राजनीतिक र बाह्य प्रभावहरूको कुरा गर्दा, पश्चिमी मुलुकहरूले नेपालको लोकतान्त्रिक प्रक्रियालाई कसरी हेरेका छन् भन्ने कुरा गहिरो चिन्ताको विषय बनेको छ। के पश्चिमी र भारतीय कूटनीतिक निकायहरूले प्रमुख कांग्रेस नेताहरूलाई विशिष्ट क्षेत्रीय रणनीतिहरूसँग समन्वय गर्न सुझाव दिएका छन् ? यसको परिणाम स्वरूप, कांग्रेस नेताहरूले नेपालका विदेश नीतिहरू (ग्यच्क्ष्, इन्डो-प्यासिफिक रणनीति) निर्माणमा के भूमिका खेलेका छन् भन्ने प्रश्न पनि उठ्छ।

अब, यदि देउवा पार्टीबाट बाहिरिएको सन्दर्भमा पनि कांग्रेसमा न्यूनतम २० प्रतिशत समर्थक देउवा सँगै अन्तिम दिनसम्म रहन्छ त्यो भनेको लोकतान्त्रिक पार्टीमा ठुलो शक्ति हो। अथवा, देउवा नयाँ रणनीति अपनाउँदै सत्ता जोगाउने प्रयास गर्ने छैनन् ! देउवाको व्यावहारिक नेतृत्वशैली र उनकी पत्नीको प्रभावशाली भूमिका हेर्दा, के उनीहरूले आफ्नो अनुभवलाई प्रयोग गरी पार्टीमा शक्ति सन्तुलन कायम राख्न सक्नेछन् यो प्रश्न पाठक बिच नै छाडिएको छ।

अन्तिममा, शेखर कोइराला र गगन थापाबीचको एकताको दुरी अझ बढी बढ्दैछ कि छैन भन्ने सवाल उठ्छ। डेढ वर्ष पूर्व एक कांग्रेस सांसदले डाक्टर शेखर कोइराला र महामन्त्री गगन थापा विच होटल याक एण्ड यतीमा शक्ति सन्तुलन प्रस्ताव गराएका थिए। अब, दुरी घट्यो र यसले आकार लियो भने, के यसले नेपाली कांग्रेसको भविष्यलाई पुनः परिभाषित गर्दै नयाँ शक्ति सन्तुलन सिर्जना गर्नेछ ? तर, यस विच विश्वप्रकाश शर्मा भाई शशांक, एन.पी. साउद सँगको एकताको बाटो आरम्भ भैसकेको परिस्थितिमा परिस्थिति अन्तै तैरिने त छैन ? अनि रेल छुट्छ ? नेपालको राजनीतिक परिदृश्य अस्थिर र परिवर्तनशील रहेको छ, र आगामी महिनाहरूले नेताहरूलाई रणनीतिक पुनर्संरचनाको मार्ग अपनाउनेछन् वा आन्तरिक सुदृढीकरण गर्नेछन् भन्ने कुरा पत्ता लगाउनेछन्।

# नयाँ याल्टा र बहुध्रुवीयताको उदय

**अलेक्जेन्डर दुगिन** (अनुवादः मोहनप्रसाद ज्ञवाली)

असी वर्ष अघि, सन् १९४५ फेब्रुअरी ४ मा, मित्रराष्ट्र शक्तिहरूको याल्टा सम्मेलन प्रारम्भ भयो। जसले नाजी जर्मनीको पराजयपछि नयाँ विश्व व्यवस्थालाई आकार दियो। यो पराजय पहिले नै तय भइसकेको थियो। विजयी पक्षका नेताहरू (सोभियत गुट र पश्चिमी उदार-पुँजीवादी विश्व)ले युद्धपछिको नाजी-पछिको वैश्विक व्यवस्थाको आधारशिला तयार गरे।

यस आदेशलाई केवल दुई शिविर, दुई गुट र दुई विपरीत विचारधाराहरूको अस्तित्व स्वीकृत विशेषताद्वारा मान्यता दिइएको थियो। जसले विश्वलाई विभाजन गरी आ-आफ्नो प्रभाव क्षेत्रहरू तोक्यो। यो मोडेल प्रभावकारीरूपमा वार्सा सन्धिको विघटन र अन्ततः सोभियत संघको पतनसम्म स्थिर रह्यो। सो पतनसँगै, याल्टा प्रणाली प्रभावकारी रूपमा समाप्त भयो र एकध्रुवीय विश्वको मार्ग प्रशस्त भयो।

अतः, संयुक्त राज्य अमेरिका अन्तर्राष्ट्रिय विकास एजेन्सी (जुन मूलतः एक गुप्त र विघटनकारी संस्था हो) ले सोभियत संघपछिको रूसी राष्ट्र निर्माणमा महत्त्वपूर्ण भूमिका खेलेको कुरा कुनै आश्चर्यको विषय होइन। यसले येल्तसिन युगको संविधान, नयाँ कर संहिता, भूमि संहिता तथा अन्य संरचनात्मक परिवर्तनहरूलाई प्रभाव पार्‍यो। यसले याल्टा सम्झौताको पूर्णरूपेण विघटनका साथ एकध्रुवीय विश्व व्यवस्थाको विजयलाई लागु गर्‍यो।

अब हामी पुटिन र ट्रम्पबीचको भेटघाटको सम्भावना देख्छौं। निसन्देह, यी दुई महान् राजनीतिक व्यक्तित्वहरू हुन् साथै दुई सभ्यतागत राष्ट्रका नेतृत्वकर्ता पनि। तर, अहिलेको अवस्थामा उनीहरूको भेटघाटमा आगामी विश्व व्यवस्थाका मापदण्डहरू परिभाषित गर्ने गरि "नयाँ याल्टा" भने हुने छैन। जुन अनिवार्य रूपमा बहुध्रुवीय विश्व व्यवस्थामा मात्र हुन सक्छ। मानवताको भविष्यबारे वास्तविक वार्तामा पुग्नका लागि दुई प्रमुख सर्तहरू पूरा हुनुपर्छ। पहिलो, यसका लागि केवल पुटिन र ट्रम्प मात्र पर्याप्त छैनन्। दोस्रो, रूसले विश्वव्यवस्थाको पुनः संरचनामा पूर्ण रूपमा सहभागिता जनाउनका लागि एउटा महत्वपूर्ण उपलब्धि हासिल गर्नुपर्छ। युक्रेनमा भूमंडलीकरणमाथि विजय। जसरी स्टालिनले महान् देशभक्त युद्धमा हिटलरमाथि विजय प्राप्त गरेका थिए। त्यसरी नै पुटिनले युक्रेनमा विजय हासिल गर्नुपर्छ।

हो, हामी यस लक्ष्यतर्फ अघि बढिरहेका छौं। साथै यो हासिल गर्नेछौं। तर, युक्रेनमा विजय प्राप्त गरेपछि मात्र रूस र पश्चिमी सभ्यताबीच वास्तवमै महत्त्वपूर्ण वार्ता सम्भव हुनेछ। यद्यपि, ती वार्ताहरूले पनि वैश्विक संरचनाको अन्तिम प्रारूप निर्धारण गर्ने छैनन्। किनभने बहुध्रुवीय विश्वलाई अन्य सभ्यतागत राष्ट्रहरूको सहभागिता आवश्यक हुन्छ। न्यूनतम रूपमा, चीन र भारतको संलग्नता अपरिहार्य छ। जसले गर्दा कम्तीमा चारपक्षीय वार्ताको आवश्यकता पर्छ।

यसबाहेक, युरोप क्रमशः संयुक्त राज्य अमेरिका भन्दा अलग हुँदै एक विशिष्ट भू-राजनीतिक मोडेल निर्माण गरिरहेको छ। यसरी, युरोप अर्को सम्भावित सहभागी बन्न सक्छ। त्यस्तै, इस्लामिक संसार, जसका अर्बौं अनुयायी छन्, साथै अफ्रिका र ल्याटिन अमेरिका पनि विचारणीय छन्। यी तीन अतिरिक्त सभ्यतागत पक्ष हुन्, जसको दृष्टिकोणलाई नयाँ वैश्विक संरचनामा उपेक्षा गर्न सकिन्न।

तर, नयाँ विश्व व्यवस्था पहिले नै आकार लिँदैछ। अमेरिकी गृहयुद्धको बीचमा (जहाँ ट्रम्पका समर्थकहरू र डिप स्टेट) अर्थात् स्वयं अमेरिकाभित्र रहेको उग्र वैश्वीकतावादी अभिजात वर्गबीच सङ्घर्ष चलिरहेको छ। यस सन्दर्भमा, डेमोक्र्याटहरूले ग्क्ब्क्ष्म को समर्थनमा प्रदर्शन आयोजना गर्नु अत्यन्त अर्थपूर्ण छ। यो एजेन्सी ट्रम्प र मस्कद्वारा बन्द गरिएको छ। किनभने यसले डेमोक्रेटिक पार्टीको शीर्ष नेतृत्वका साथै रिपब्लिकन पार्टीका केही अंशहरूलाई समेत आपराधिक रूपमा संलग्न गराउने कागजातहरू राखेको हुनसक्छ भन्ने मान्यता छ।

यसै कारण हाल अमेरिका आन्तरिक संघर्षमा जलिरहेको छ। ट्रम्पले यो सङ्घर्ष जित्नैपर्छ र आफ्नो अमेरिकी दर्शनको आधारमा अमेरिका निर्माण गर्न थाल्नुपर्छ। त्यसैगरी, रूसले पनि युक्रेनमा आफ्नो युद्धमा विजय हासिल गर्दै भूमण्डलीकरणवादीहरू र तिनका कठपुतलीहरूलाई युद्धमैदानमा पराजित गर्न आवश्यक छ। चीन, भारत, अफ्रिका र ल्याटिन अमेरिका पनि नयाँ चुनौतीहरूको सामना गर्दै आफूलाई प्रमाणित गर्नुपर्नेछ। इस्लामिक विश्व आफ्नो भागको रूपमा हाल महान इजरायल परियोजनाको चुनौतीको सामना गर्दै आफुलाई परिक्षण गरिरहेको छ।

अन्तमा पुनः दोहोर्‍याउनुपर्दा, हामी अहिले नयाँ याल्टा विश्वको अवस्थामा पुगेका छैनौं। जहाँ दुई शिविरहरूले तेस्रोमाथि निर्णायक विजय प्राप्त गरीसकेका छन् र विश्व इतिहासको अर्को चक्र परिभाषित गर्ने तयारीमा छन्। हालका लागि, हामी अझै द्वन्द्वको बीचमा छौं। सायद एक ठूलो युद्धको संघारमा समेत छौं। जब यी युद्धहरू समाप्त हुन्छन् र विजेता तथा पराजित स्पष्ट हुन्छन्। त्यतिबेला मात्र ठूला महाशक्तिहरूका महान् नेताहरूबीचको ऐतिहासिक तथा भाग्यनिर्णायक भेटघाटको सम्भावना रहनेछ। जसले नयाँ विश्व व्यवस्थाको संरचना निर्धारण गर्नेछ।

नोटः नयाँ याल्टा रूस, पश्चिम, चीन, र भारतजस्ता शक्तिबीच वार्ताले तय गर्नेछ।

राष्ट्र र राष्ट्रियताको साझा पत्रिका
**गोरखा एक्सप्रेस साप्ताहिक**
(साविक म.क्षे.हु.नि.) गो.हु.द.नं. ५/०६७-६८ हाल ५/०८१-८२
का.जि.का.द.नं. २५-०३९/४० भ्याट नम्बर- ३ ० ४ ५ ६ २ ४ ४ ४
मंगलबार Tuesday
२०८१ फागुन ६, Feb. 18, 2025





**अन्तिम पातो - शाश्वत शर्मा**

# संगठित, असंगठित बिद्रोह गरौं

स्थापित संघीय गणतान्त्रिक लोकतन्त्रका सञ्चालकहरूले देश र जनतालाई हेप्नुसम्म हेपे, लुट्नुसम्म लुटे

एक ज्योतिषले भनेका थिए, फागुन १५ सम्म मंगलग्रह बक्री छन्, अनिष्ट हुनसक्छ, यो व्यवस्था नरहन पनि सक्छ । यस्तो भविष्यवाणी गर्ने ज्योतिषहरू बग्रेल्ती देखिन्छन् तर यो व्यवस्था जानसक्छ भनेर आँकलन गर्ने नेता, विश्लेषकहरूको कुनै कमी छैन । देशव्यापी रूपमा छिटपुट आन्दोलन भइरहेका छन्, सन्तुष्ट कुनै बर्ग देखिदैनन् । यो व्यवस्था स्वीकारेर संसदमै पुगेका पनि सन्तुष्ट देखिदैनन् । असन्तुष्टि सडकको फोहरजस्तै छरपस्ट छन् । सरकारले ल्याएको बिधेयक पास गर्न जोडघटाउ चलिरहेको छ, लेनदेन मिल्दैछ । देशका ठूला पार्टी मिलेर बनेको सरकार समेत सफल हुनसकेन । सबै प्रकारका गठजोडहरू देखियो, भोगियो, कुनै गठजोड नचलनु भनेको यो पद्धतिमै, यी नेतामै खोट भएर हो । कांग्रेस माओवादीको गठजोड संविधानका कमी सुधार्ने नाममा भएको थियो, त्यतातिर सरकारको ध्यान छैन, कसरी यो सरकार अगाडि बढाउने भन्नेमै जोड छ । त्यो राजनीतिक बहाना थियो, यति सजिलै यो संविधान सुधार हुने सम्भाबना न्यून छ । हुन त नेपालका कुनै संविधान संशोधन नभई अगाडि बढेका छैनन् । तर यो संविधान जतिसुकै राम्रो भनिए पनि योभन्दा गएगुज्रेको कुने संविधान नै थिएन भनिदैछ ।

सरकारले ल्याएको भूमिसुधार विधेयक आफ्ना पार्टीका मान्छेलाई जमिन बितरण गर्न ल्याएको विषय थियो । देशको भूमि विदेशीले कब्जा जमाउँदै गएकोमा चिन्ता छैन, यिनलाई लालपूर्जा बाँडेर भोट बैंक खडा गर्ने हतारो परेको छ । भूमि विधेयक आफूले ०८४ को चुनावमा बहुमत ल्याउनका लागि थापेको धराप हो, यसकारण सत्तासीन चार र प्रतिपक्षीसमेत यो विधेयक संशोधन हुनुपर्ने माग गरिरहेका छन् । सडकमा आन्दोलन छ । राप्रपाले दुईमहिनेआन्दोलन गर्ने भन्दैछ । जनमत आन्दोलनमा छ । प्रभु साहको पार्टी आन्दोलनका लागि तैयीमा छ । मिडिया विधेयकदेखि दुर्गा प्रसाई, केशर बिष्टलगायतका धार्मिक संघसंस्था पनि आन्दोलनमा छन् । अर्थात् असन्तुष्टि संसद, सरकारदेखि सडकसम्म असरल्ल देखिन्छन् । निर्णायक बिद्रोह गर्न सकेका छैनन् । यसमाथि प्रतिपक्षी माओवादीका अध्यक्ष प्रचण्डले ओली नेतृत्वको सरकार ढाल्ने गुप्त अभियान पनि हुँदैछ भनिन्छ । यस्तो बिकराल परिस्थितिमा सिर्फ ओली सरकारमात्र ढल्दैछ कि यो भ्रष्ट, अनैतिकतापूर्ण व्यवस्था पनि ढल्दैछ ? आन्दोलित धेरै छन्, सबैको एउटै लक्ष्य देखिदैन । उद्देश्य फरक फरक छन् तर असन्तुष्टि व्यापक छ । मूल राजनीति हो, राजनीति प्रदूषित भयो ।

पूर्वराजाको आकर्षण झन झन बढेर गएको छ । रूपन्देही, कपिलवस्तु र अहिले कास्की भ्रमणले पनि आकर्षण नै देखाएको छ । यो आकर्षणको अर्थ हो, राजतन्त्रको पुनर्स्थापना र देशलाई अभिभावकको खाँचो पूर्ति । हुनुपर्ने यही हो । विविध असन्तुष्टि, अभियान, आन्दोलन सकभर एक हुनु जरूरी छ । नभए पनि असंगठित रूपमा विद्रोह हुनुपर्छ । तवमात्र हरेक सवालले जवाफ पाउन सक्छ ।

मुलुक र मुलुकवासी सर्वोच्च प्राथमिकतामा छैनन् । यो कुरा हरेक नागरिकले बुझेका छन् । मुद्दा अनेक छन्, असन्तुष्टि अनेक छन् । ती सबै असन्तोषहरूलाई एकठाउँमा राखेर एकपल्ट एकजुट भएर धक्का दिनुपर्छ । यही धक्काले जनताप्रति जवाफदेही हुनुपर्ने वातावरण सिर्जना गर्नेछ । भ्रष्टहरू किनारा लाग्ने, दण्डित हुने र योग्य तथा युवाहरूले देशव्यापी अवसर पाउनेछन् । अहिले हिन्दुराष्ट्र कायम हुनुपर्ने र राजसंस्था पुनर्स्थापना गर्ने पनि अलग अलग आन्दोलनमा छन् । भ्रष्टाचार निर्मूल गर्ने, काण्डहरू घटाउनेलाई दण्डित गर्ने कुरा पछिको हो । पहिले भ्रष्टहरूको बालुवाको महललाई धरासायी बनाउनु पऱ्यो । राजतन्त्रको पुनर्स्थापना गर्न एकजुट हुनुपऱ्यो । बाँकी न्याय र समानता, सुशासन र समृद्धिको विषय आफसेआफ अगाडि आउनेछन् । पहिले यो पद्धति फाल्नुपर्छ, त्यसपछि बिकृति स्वतः फालिनेछ । त्यसकारण मुलुक बचाउनु छ, बनाउनु छ भने सबैले यो व्यवस्था फाल्न लागिपर्नुपर्छ । प्रधानमुद्दा नै यहीहो । यो मुद्दामा सबै असन्तुष्टहरू एक हों । ज्योतिषी र विश्लेषकहरूका मिति तोकेर भएका भविष्यवाणीहरूका अनुसार भन्दा पनि मुलुकको हितका लागि अब फागुन अथवा चैत १५, वैशाख १५ होइन, अस्तित्वरक्षा र मुलुकको बृहत्तर हितलाई सोचेर आमूल परिवर्तनका लागि एकजुट भएको आन्दोलन आवश्यक छ । ज्योतिषहरूले निराशामात्र परिणत गर्छन्, कर्म नगरी फल लाग्दैन । अहिलेको मूल कर्म भनेकै असंगठितहरू संगठित भएर आन्दोलन गर्नु हो । निराशालाई उत्साहमा बदल्नुपर्छ । नेतृत्व होस वा नहोस्, एकजुटता मुख्य मुद्दाका साथ हुनुपर्छ । नभए हिस्स हुनुपर्ने छ । एकता हुन नसके पनि सबैले आन्दोलनलाई बिद्रोहमा बदल्नसके परिणाम आउनेछ ।

**प्रजातन्त्र दिवस भव्य रूपमा मनाऔं**

- प्रजातन्त्रको मूल मन्त्र मानवअधिकार र विधिको शासन हो,
- आवधिक चुनाव प्रजातन्त्रको आधारशिला हो,
- आफ्ना प्रतिनिधिहरू मार्फत शासनमा नागरिकको सहभागिता प्रजातान्त्रिक ब्यवस्थाको मर्म हो,
- शक्ति पृथकीकरण, नियन्त्रण र सन्तुलन प्रजातन्त्रको आधार हो,
- प्रजातन्त्र एक पद्धती, व्यबहार र आचरण पनि हो, त्यसैले,
- प्रजातान्त्रिक संस्कार, आचार र ब्यवहारको अबलम्बन प्रत्येक नागरिकको कर्तव्य हो,
- त्यसतर्फ सचेत बनौं ।
- ७५औं राष्ट्रिय प्रजातन्त्र दिवस सफल पारौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# देशैभरि भ्रष्टाचारको चक्रव्यूह !



प्रकाश रायमाझी

*"भ्रष्टाचार नियन्त्रणमा नागरिक साझेदारी सुशासन प्रवर्धनमा सबैको जिम्मेवारी"*

नारासहित अख्तियार दुरूपयोग अनुसन्धान आयोगले यस वर्षको ३४ औं वार्षिक उत्सव मनाउँदै छ । भ्रष्टाचार नियन्त्रयणका लागि अख्तियार र नागरिक हातेमालो गर्दै अघि बढ्नु पर्ने र साझा प्रयासबाट मात्र भ्रष्टाचारलाई निर्मूल गर्न सकिनेमा आयोगले जोड दिएको छ । समाजका हरेक तहमा जरा गाडेको भ्रष्टाचारकै कारण सरकारको सेवा प्रवाह र विकासको गति मात्र प्रभावित भएको छैन, शासन व्यवस्थाप्रति समेत नागरिकको विश्वास कमजोर बन्दै गएको छ । अख्तियार दुरूपयोग अनुसन्धान आयोग यही समस्यासँग जुध्न स्थापना गरिएको हो । आयोगकै तदारूकताका कारण भ्रष्टाचार नियन्त्रणले केही गति लिएको छ । तर, भ्रष्टाचारको प्रवृत्ति र प्रकृति पनि निरन्तर बदलिँदो छ । के बदलिँदो परिवेश, भ्रष्टाचारका नवीनतम स्वरूप, राष्ट्रिय-अन्तर्राष्ट्रिय चुनौती आदि सामना गर्न आयोग पूर्ण रूपमा प्रभावकारी छ ? विगतमा अनुभव र तथ्यांकले के भन्छन् ? यसलाई अझ सशक्त बनाउन नयाँ संरचना आवश्यक छ ?

अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा आर्थिक वर्ष २०८०/८१ मा २६ हजार ९ सय १८ उजुरी दर्ता भएका थिए । तीमध्ये स्थानीय तहका निकाय विरूद्ध बढी उजुरी परेका थिए । कुल उजुरीमध्ये ५२.८० प्रतिशत उजुरी स्थानीय तहसँग सम्बन्धित छन् । यस तथ्यांकले स्थानीय तहमा अनियमितता व्यापक रहेको देखाउँछ । विकासलाई जनतासँग जोड्न स्थानीय निकायको भूमिका महत्वपूर्ण छ । तर, यही तहमा बढ्दो अनियमितताले देशको उन्नतिमै समस्या सिर्जना गर्ने देखिन्छ । त्यस्तै कुल उजुरीमध्ये १५.७९ प्रतिशत शिक्षा क्षेत्रसँग सम्बन्धित थिए । विशेष गरी शिक्षक नियुक्ति, अनुदान वितरण र परीक्षा प्रणालीमा व्यापक भ्रष्टाचार रहेको तथ्यांकले देखाएको छ । गैरकानूनी सम्पत्ति आर्जन सम्बन्धित उजुरीको संख्या ६.९८ प्रतिशत थियो, जसले अवैध आर्थिक लाभ लिने प्रवृत्ति बढिरहेको संकेत गर्छ । भूमिसम्बन्धी प्रशासनसँग जोडिएका उजुरी ६.४९ प्रतिशत थिए । विशेष गरी जग्गा नामसारी र नक्कली लालपुर्जा सम्बन्धी उजुरी धेरै परेका थिए । यस्तै ४.७१ प्रतिशत उजुरी नक्कली शैक्षिक प्रमाणपत्रसम्बन्धी थिए । कारबाहीको प्रभावकारिता,

उजुरीहरूको संख्या वर्षेनी बढिरहेको छ, जसको अर्थ जनतामा सचेतना बढेको छ । तर, कारबाहीले त्यही अनुरूप गति लिन नसकेको देखिन्छ । आर्थिक वर्ष २०८०/८१ मा आयोगले २ सय १ मुद्दा विशेष अदालतमा दायरगर्यो, जसमा १ हजार ५ सय ४५ जना दोषी ठहरिएका थिए । यदि कुल उजुरीसँग तुलना गर्ने हो भने केवल ०.७ प्रतिशत उजुरी मात्र अदालतसम्म पुग्छन् । बाँकी उजुरी अनुसन्धानकै क्रममा अलमलिन्छन् । भ्रष्टाचार किन हट्दैन? नेपालमा भ्रष्टाचार नियन्त्रणको प्रमुख चुनौती भनेकै प्रणालीगत कमजोरी हो । अख्तियारलाई स्वायत्त भनिए पनि यसको छानबिनलाई राजनीतिक रूपमा प्रभावित पार्न अनेक प्रयत्न हुने गरेको देखिआएकै तथ्य हो । यसका कारण ठूला काण्ड अक्सर निष्कर्षमा पुग्दैनन् । न्यायिक प्रक्रियाको ढिलाइले भ्रष्टाचारमा संलग्न व्यक्तिलाई फाइदा पुग्छ, जसले गर्दा भ्रष्टाचार नियन्त्रण गर्न कठिन हुन्छ । अर्कोतर्फ केही उजुरी प्रतिशोध साँध्न वा व्यक्तिगत स्वार्थ पूरा गर्नका लागि मात्र पनि दर्ता गरिन्छन् । यसले वास्तविक मुद्दाको अनुसन्धानमा ढिलाइ हुने गर्छ । अख्तियारले प्रत्यक्ष रूपमा हस्तक्षेप गर्न नसक्ने क्षेत्र भनेकै नीतिगत भ्रष्टाचार हो । सार्वजनिक खरिदमा हुने अनियमितता, ठेक्कापट्टामा कमिसन र नीति निर्माणमै भ्रष्टाचार हुने प्रवृत्तिले अख्तियारसामु चुनौतीका चाङ छन् ।

समाधान के हुन सक्छ? भ्रष्टाचार नियन्त्रणका लागि प्रभावकारी सुधार आवश्यक छ । विशेष अदालतलाई अझ प्रभावकारी बनाउन उजुरी दर्तादेखि फैसला हुँदासम्मको प्रक्रिया पारदर्शी बनाउनु आवश्यक देखिन्छ । अख्तियारजस्ता निकायलाई बलियो बनाउँदै स्वतन्त्र रूपमा अनुन्धान गर्ने वातावरण विकास गर्नुपर्छ । भ्रष्टाचार उजागर गर्ने व्यक्तिलाई कानुनी सुरक्षा दिन आवश्यक कानुन बनाउन पनि उत्तिकै आवश्यक छ । सरकारी खरिद र बजेट प्रणालीलाई पारदर्शी र प्रविधिमैत्री बनाउन सकियो भने पनि भ्रष्टाचार नियन्त्रणमा सहयोग पुग्नेछ । बलियो अख्तियार आवश्यक, अख्तियार दुरूपयोग अनुसन्धान आयोगले आफ्नो क्षेत्राधिकारभित्र रहेर काम गरे पनि नेपालमा भ्रष्टाचार नियन्त्रणका लागि यो पर्याप्त छैन । राजनीतिक इच्छाशक्ति, न्यायिक सुधार र प्रविधिको प्रयोगबिना नेपालमा भ्रष्टाचारको चक्रव्यूह तोड्न गाह्रो हुनेछ । नेपालले भ्रष्टाचार नियन्त्रणको दिशामा ठोस कदम नचालेमा, आर्थिक विकास गर्न, विदेशी लगानी भित्र्याउन र आमनागरिकको विश्वास पुनःस्थापित गर्न कठिन हुनेछ । नयाँ नेपाल निर्माण गर्ने हो भने उजुरी लिने मात्रै होइन, प्रभावकारी सुधार गर्ने समय आएको छ । यसका लागि अख्तियार दुरूपयोग अनुन्सधान आयोगसँग जनता, राजनीतिक दल र सबै तहका सरकारी निकायले हातेमालो गर्नु आवश्यक छ ।

